**सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।**
- सार्वजनिक सम्पत्तिको अतिक्रमण नगरौं ।
- सार्वजनिक सम्पत्ति स्याहारसम्भार गरी सार्वजनिक काममा प्रयोग गरौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु सबैको कर्तव्य हो ।
- सार्वजनिक सम्पत्तिको अतिक्रमण र हानिनोक्सानी कानूनीरूपमा दण्डनीय हुन्छ ।
- सार्वजनिक सम्पत्तिको अतिक्रमण वा हानिनोक्सानी हुँदा सम्बन्धित निकायमा जानकारी गराउनु नागरिकको कर्तव्य हो ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक
दैनिक

eprateekdaily.com



निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।

eprateekdaily.com

❖ वर्ष ३६ ❖ २०७९ माघ १४ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 January 28 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १५१

## वडाध्यक्षद्वारा झोले विद्यालय सञ्चालन

प्रस, परवानीपुर, १३ माघ/

बारामा जनप्रतिनिधिकै संरक्षणमा एउटा झोले विद्यालय सञ्चालन रहेको छ।


तस्वीरः फाइल

प्रसौनी गाउँपालिका–६ बेलहियामा शहीद कन्हैया प्रावि झोले विद्यालयको रूपमा विगत लामो समयदेखि सञ्चालनमा रहेको गापाध्यक्ष विनोद जैसवालले बताए। उनले सो विद्यालयको गतिविधिका विषयमा आवश्यक छानबीन एवं कारबाईको लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजूरी गर्ने बताए।

करीब पाँच वर्षअघि स्थापना भएको सो विद्यालयमा एकजना राहत र दुईजना निजी स्रोत गरी तीनजना शिक्षक तथा एकजना कार्यालय सहयोगी छन्। केही दिनअघि थप दुईजना शिक्षक नियुक्त गरिएको छ।

हाल विद्यालयमा छजना शिक्षक/कर्मचारी कार्यरत रहेको बताइन्छ । सो झोले विद्यालयमा विद्यार्थीको सङ्ख्या भने न्यून देखाइएको छ । गापाको शिक्षा शाखाले अनुगमन गर्दा सोही वडाका अन्य विद्यालयबाट विद्यार्थीहरू ल्याएर देखाइएको थियो । यसबारे बालबालिकासँग सोधपूछ गर्दा आफूहरू हिजोदेखि विद्यालयमा पढ्न आइरहेको अनुगमन टोलीले गरेको भिडियो संवादमा देखिन्छ । त्यसैगरी, विद्यालय नियमित सञ्चालन नहुँदा विद्यालयमा घाँस उम्रेको देखिन्छ।

गत आव २०७८/७९ को राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत सो विद्यालयमा गत असारमा १८ लाख रकम गापाले निकासा गरेको थियो। सो रकम पनि हिनामिना भएको गापाध्यक्ष जैसवाल बताउँछन्।

विद्यालयकी प्रधानाध्यापिका सुनीता कुशवाहा वडा नं ६ का अध्यक्ष बृजकिशोर कुशवाहाकी नातामा भाउजू हुन् । वडाध्यक्ष कुशवाहा नेकपा (माओवादी केन्द्र)बाट निर्वाचित जनप्रतिनिधि हुन्।

गापाध्यक्षले झोले विद्यालयलाई तलब सुविधाको अनुदान रोक्का गर्न लेखापाल प्रेमबाबू पटेललाई निर्देशन दिएपछि वडाध्यक्ष कुशवाहाले लेखापाल पटेललाई सरुवा गराउन चलखेल शुरू गरेको बताइन्छ। प्रधानाध्यापिका सुनीताले १२५ जना विद्यार्थी विद्यालयमा अध्ययनरत रहेको दाबी गरिन् । जाडो बिदापछि विद्यालय खुलेको बेला अनुगमन गर्दा बच्चाहरूले हिजोआजदेखि पढ्न आएको भन्दै उनले स्पष्टीकरण दिइन् । उनले विद्यालयमा कमीकमजोरी रहेको र हाल सुधार हुँदै गएको प्रतिक्रिया दिइन्।

सो विद्यालयमा विद्यालय व्यवस्थापन समिति गठन भएको छैन। तपाईंका देवर वडाध्यक्ष कुशवाहाको प्रभाव छ भन्ने प्रश्नमा उनले आफ्नो काम पढाउने र तलब लिने भएको बताइन्। उनले कुन बजेट केका लागि झिकिंदैछ, त्यसमा आफूले चासो नदिएको बताइन् । १८ लाख रकमबारे उनले वडाध्यक्षसँग सोधनी गर्न भनिन्।

यसबारे वडाध्यक्ष कुशवाहालाई सोध्दा उनले तपाईंलाई जे मन लाग्छ लेख्नुस्, मलाई केही हुँदैन भने। विगतमा पनि चारवटा हत्या मुद्दा थियो, एक दिन पनि जेल गइनँ भनेर प्रतिक्रिया दिए । उनले विद्यालय अनुगमन गरी वास्तविकता बुझ्न र एकोहोरो आरोप लगाइएको कुरा सबै सत्य नहुने पनि दाबी गरे।

## बारामा नागरिकता प्रतिलिपि लिन पाँच दिन
## गलती जिल्ला प्रशासनको, दुःख सेवाग्राहीलाई

प्रस, वीरगंज, १३ माघ/

जिल्ला प्रशासन कार्यालय, बाराबाट नागरिकताको प्रतिलिपि लिन पाँच दिन लागेको एकजना सेवाग्राहीले बताइन् । माघ ९ गतेदेखि प्रतिलिपिको लागि जिल्ला प्रशासन कार्यालयमा धाएको र माघ १३ गते शुक्रवारका दिन मात्र प्रतिलिपि पाएको कलैया उपमहानगरपालिका–१ राजदेवी घर भई हाल काठमाडौं, पेप्सीकोला बस्दै आएकी बिन्दुदेवी पाठकले बताइन् ।


नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय बारा
नेपाली नागरिकताको प्रमाणपत्र
ना.प्र.नं.: १२३/०२२२
नाम थर: बिन्दु देवी पाठक
लिङ्ग: महिला
जन्म स्थान: जिल्ला: पर्सा, उ.म.न.पा.: वीरगंज, वडा नं. ६
स्थायी बासस्थान: जिल्ला: बारा, उ.म.न.पा.: कलैया, वडा नं. १
जन्म मिति: २२ वर्ष
आमाको नाम थर: XXX
पति/पत्नीको नामथर: युगल किशोर पाठक
ठेगाना: कलैया उ.म.न.पा.-१, बारा

बिन्दुदेवी पाठकको नागरिकताको प्रतिलिपि ।

राष्ट्रिय परिचयपत्रको लागि जिल्ला प्रशासन कार्यालय, बाराबाट जारी नागरिकता लिएर जाँदा नागरिकतामा बुबाको नाम नरहेको भनेर शुरूमा माइती रहेको वीरगंज महानगर–३ वडा कार्यालयबाट सिफारिश ल्याउन भनियो र काम हुने बताइएको उनले बताइन् । सोहीअनुरूप सिफारिश लिएर गएपछि नागरिकतामा त्रुटि देखाएर कलैया उपमनपा–१ वडा कार्यालयबाट सिफारिश ल्याउन भनियो । जिल्ला प्रशासन कार्यालय, बाराबाट जारी नागरिकतामा जन्ममिति २०२२ र नागरिकता जारी मिति २००२ लेखिएको थियो । सो सच्याउनको लागि पुनः पाँच दिन लागेको उनले बताइन् ।

जिल्ला प्रशासन कार्यालयले गरेको गलती सोही कार्यालयले नसच्याउँदा वडा कार्यालय र जिल्ला प्रशासन कार्यालयमा माघ ९ गतेदेखि धाउँदै आएको पाँचौं दिन नागरिकता र राष्ट्रिय परिचयपत्रको काम भएको उनले बताइन्। पाठक कलैया उपमनपाका पूर्वनगरप्रमुख स्व जुगलकिशोर पाठककी पत्नी हुन् । पूर्वनगरप्रमुख पत्नीलाई जिल्ला प्रशासन कार्यालयबाट नागरिकताको प्रतिलिपि र राष्ट्रिय परिचयपत्रको लागि पाँच दिन दौडाइयो भने अन्य सेवाग्राहीलाई कति दुःख दिइन्छ भन्ने कुरा सहजै अनुमान लगाउन सकिन्छ ।

## शिक्षक छनोटमा अनियमितता, अदालतमा मुद्दा दर्ता

प्रस, वीरगंज, १३ माघ/

पर्सागढी नगरपालिका–२ स्थित नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, बहुअर्वासिरामा शिक्षक छनोटमा अनियमितताको आरोप लगाएर खारेजीको माग गर्दै उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगंजमा मुद्दा दर्ता भएको छ।

विद्यालय प्रशासनले गोप्य ढङ्गले सूचना प्रकाशित गरी शिक्षक छनोट गर्न लागेको भन्दै सुरेन्द्र ओझाले मुद्दा दर्ता गरेका हुन् । मुद्दाको सुनवाइ माघ १५ गते आइतवार हुनेछ ।

प्रधानाध्यापक रामाशिष यादव, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नितेश मिश्र, नगरप्रमुख गोकर्ण पाठकलगायत छजनाविरुद्ध उच्च अदातलमा मुद्दा दर्ता भएको छ ।

यसैगरी, विद्यालय व्यवस्थापन समितिको अध्यक्षमा योग्यता नपुगेको व्यक्तिलाई छनोट गरिएको आरोप लगाइएको छ । शिक्षा नियमावली अनुसार माविका लागि कम्तीमा एसएलसी उत्तीर्ण हुनुपर्नेमा मिश्रसँग सो योग्यता नरहेको बताइन्छ । विद्यालयले पुस २४ गते गोप्य सूचना प्रकाशित गरी भर्ना प्रक्रियामा दुईजना शिक्षकका लागि दुईजना मात्र उम्मेदवारले फाराम भरेपछि अनियमितता भएको भन्दै ओझाले मुद्दा दिएका हुन् ।

यसबारेमा विद्यालयसँग सूचना माग गर्दा दुई हप्ता बित्दा पनि नपाएको ओझाले बताए । शिक्षक भर्ना प्रक्रिया रोक्न यसअघि आफूलगायत पार्टीका केही प्रतिनिधिले संयुक्त निवेदन दर्ता गराए पनि नपाले चासो नदेखाएपछि अदालतमा पुग्नुपरेको उनले बताए ।

## रूँगटा वेलफेयरको वार्षिकोत्सवमा शैक्षिक सामग्री वितरण

प्रस, वीरगंज, १३ माघ/

रूँगटा वेलफेयर सोसाइटीको




शुक्रवार वार्षिकोत्सव सम्पन्न भएको छ। वीरगंज–१० आदर्शनगरमा आयोजित वार्षिकोत्सव कार्यक्रमको सांसद प्रदीप यादवले उद्घाटन गरेका थिए ।

उनले रूँगटा वेलफेयरले सामाजिक सेवामा गरेको कार्यको प्रशंसा गरे। गरीब, दीनदुःखीहरूलाई कम्बल वितरण, विद्यार्थीहरूलाई शैक्षिक सामग्री, विद्यालय भवन निर्माण, आगलागीपीडितलाई राहतलगायत विभिन्न सामाजिक कार्यमा रूँगटा वेलफेयरले गर्दै आएको सहयोग उदाहरणीय भएको उनले बताए । उनले सामाजिक सेवामा रूँगटा वेलफेयरले अझ बढी उपलब्धि हासिल गरोस् भनेर शुभकामना दिए । सोसाइटीका अध्यक्ष मुरलीधर रूँगटाको अध्यक्षतामा भएको कार्यक्रममा वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुबोध गुप्ता, पूर्वअध्यक्ष अशोक बैद र गोपाल केडिया, उपाध्यक्ष माधव राजपाल, वडाध्यक्ष जयप्रकाश शाह, प्रदीप चौरसिया, पवन रूँगटालगायतले मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रममा पर्साका १० र बाराका चार गरी कुल १४ वटा सामुदायिक विद्यालयका विद्यार्थीहरूलाई ६३५ वटा ब्याग र एक हजारभन्दा बढी पुस्तक वितरण गरिएको थियो ।

## स्वास्थ्यकर्मी धर्नामा, सेवा ठप्प

प्रस, वीरगंज, १३ माघ/

पर्सागढी नगरपालिकाको आधारभूत स्वास्थ्य केन्द्रमा कार्यरत रही माघ १ गतेदेखि निष्कासित भएका १३ जना स्वास्थ्यकर्मीले शुक्रवार पर्सागढी नगरपालिका कार्यालयमा धर्ना दिएका छन् ।

माघ १ गतेदेखि आधारभूत स्वास्थ्य केन्द्रका चारजना अनमी, चारजना अहेब र पाँचजना कार्यालय सहायकलाई नपाले निष्कासन गरेको थियो । १३ जना कर्मचारीका लागि वार्षिक रु ४४ लाख तलब लाग्दै आएको र सो खर्च नपाले थेग्न नसक्ने भनेर नगरपालिकाले निष्कासन गरेको थियो । स्वास्थ्यकर्मीहरूले हिजो नगरप्रमुखलाई ज्ञापनपत्र बुझाएका थिए र आजदेखि धर्ना दिएका हुन् । नगरप्रमुख गोकर्ण पाठकले स्वास्थ्यकर्मीहरूको खर्च नपाले थेग्न नसकेको र स्वास्थ्य मन्त्रालयले तलब भत्ताको व्यवस्था नगरेको हुँदा बाध्य भएर निष्कासन गर्नुपरेको बताए । उनले स्वास्थ्य मन्त्रालयलाई उनीहरूको तलब

(बाँकी पाँचौं पातामा)

## भैंसी लिलाम भएपछि गरीब किसानहरूलाई थप पीडा

ओमप्रकाश चौधरी, सेढवा, १३ माघ/

गोठमा पराल ओच्छ्याइएको छ भने भैंसी बाँध्नका लागि डोरी मिलाइएको छ, तर चार दिनपछि पनि भैंसी नआएपछि उदास छन्, जीराभवानी गाउँपालिका–१ शान्तिनगरकी ५९ वर्षीया तुरादेवी पासवान । उनका पति रामा हजरा दुसाद हराएका तीनवटा भैंसी लिन गाउँलेसँगै प्रहरी चौकी, हरैयामा पुगे। तर भैंसी पाउनुको सट्टा प्रहरीले उनलाई पक्राउ गरी जिल्ला प्रहरी कार्यालय, पर्साको थुनामा पुऱ्याइदिए ।

स्थानीय जनप्रतिनिधिहरूको पहलमा रामा थुनाबाट रिहा भएर बिहीवार राति घर पुगे । तीनवटा भैंसीमध्ये एउटा पाडी उनको निजी भएको छ भने दुईवटा भैंसी अधियामा पालेको तुराले बताइन् । उनले ठोरी गाउँपालिका–५ चमरीटोल निवासी प्रयाग यादवका दुईवटा भैंसी अधियामा पालेकी थिइन्।

प्रहरीले भैंसी भारतबाट तस्करी गरी ल्याएको भन्दै नियन्त्रणमा लिई लिलाम गरेपछि अहिले तुरालाई भैंसीधनीले भैंसी फर्काउन ताकेता गर्न थालेका छन् ।

त्यस्तै, अर्का गृहिणी सुभावती पासवानले पनि अधियामा एउटा भैंसी पालेकी थिइन् । उनले जगरनाथपुर गाउँपालिका–३ गढैयाबाट भैंसी ल्याएर अधियामा पालेको बताइन् । आर्थिक


तस्वीरः प्रतीक

अवस्था निकै कमजोर हुँदा उनका पति धर्मराज पासवान पैसा कमाउन बाहिर गएका छन्। घरमा पति नभएकोले भैंसी खोज्न गाउँलेको सहयोगमा प्रहरी चौकी पुग्दा प्रहरीले ज्यादती गरेको सुभावतीले दुःखेसो पोखिन् । भैंसी लिलाम भएको खबर बाहिरिएपछि भैंसीधनी भैंसी ल्याउने प्रयासमा लागेको उनले बताइन् ।

भैंसी लिलामपछि शान्तिनगरका छजना किसानको गोठ रित्तो भएको छ भने भैंसीले दाना खाने नाद असलरल्ल परेको छ ।

भैंसी लिलामको सूचनापछि ठोरी गाउँपालिका–५ क्षत्रीलाइनका राजकुमार पौडेलले आज बिहानै गोपी पासवानलाई घरमा बोलाए । पौडेलले पासवानलाई भैंसी पाल्न अधियामा दिएका थिए । पौडेलकी पत्नी कमलाले गोपीबाट जसरी पनि भैंसी फिर्ता लिने अड्डी कसेकी छन् ।

भैंसी फिर्ताका लागि पौडेल र गोपीले जिल्ला प्रहरी कार्यालय, पर्साका प्रहरी उपरीक्षक कोमल शाहलाई भेट्न आउने भन्दै फोनबाट जानकारी गराएका छन्।

यस बस्तीमा करीब ३५ परिवार दुसाद समुदायका दलित छन्। जसमध्ये ३४ परिवारले अधियामा भैंसीपालन गर्छन्। दलित परिवारहरू जग्गाविहीन छन् । ऐलानी जग्गामा घर बनाइ बसोबास गर्ने, अरूको खेतीपाती तथा दैनिक ज्यालादारी गरी बिहान–बेलुकाको छाक टार्दै आएका छन् । यसअलावा उनीहरू भैंसीपालन गर्छन्। आर्थिक अवस्था कमजोर भएर भैंसी खरीद गर्न नसक्दा अरूको भैंसी अधियामा पालेर गुजारा गर्दै आएका छन् । तर प्रहरीले तस्करीको भैंसी भनेर ती किसानहरूको भैंसी नियन्त्रणमा लिएर लिलाम गरेपछि अहिले उनीहरूलाई निकै कष्ट भएको छ ।

### विचारसार र सूक्तिहरू

**मानव–जीवनमा शारीरिक र मानसिक परिश्रमविना कुनै फल प्राप्त हुन सक्दैन । एकाग्र चित्त र महान् उद्देश्य भएको मानवले जे गर्न चाहन्छ, त्यो गर्न सक्छ ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


## आत्मदाहले दिएको सन्देश

**मुलुकको सङ्घीय संसद् भवनअगाडि प्रेमप्रसाद आचार्यले आत्मदाह गरेको भयानक दृश्यले विश्वभरिको ध्यानाकृष्ट गरेको छ । यस्तो घटना संसारकै मानवजातिका लागि दुर्भाग्यपूर्ण हो । आचार्यको आत्मदाह घटनाले विश्वमा नेपालको स्थितिलाई नङ्ग्याएको छ । उनले छ हजार शब्दभन्दा लामो 'सुसाइड नोट' लेखेर आत्मदाह गरेका छन् । आचार्यको सुसाइड नोटमा मुलुकका विद्यमान विसङ्गति, विकृतिहरूलाई उजागर गरिएको छ । उनले लेखेका छन् "कृषिजन्य वस्तुको कारोबार गरेको हुनाले प्रदेश १ सरकार कृषि तथा भूमि व्यवस्था मन्त्रालयले खुलाउने अनुदान कार्यक्रम चारपटक अनुदान पाऊँ भनी निवेदन दिइयो । सर्टलिस्टमा परिन्थ्यो । अनुगमन गर्न आउँदा तपाईंको सोच राम्रो रहेछ, काम पनि राम्रो रहेछ, यस्तो मौलिक वस्तुको बजारीकरण गरिरहनुभएको रहेछ, पक्का पाउनुहुन्छ अनुदान भन्ने अनि अनुदानको नतीजा आउने बेला कहिले मेरो कम्पनीको नाम नहुने ।" त्यसैगरी, उनले लेखेका छन्, "मेरा वडाका तत्कालीन वडाध्यक्षको साङ्पाङ डेरीले तीन लाख र १० लाख गरी दुई वर्ष लगातार अनुदान खाए । तेस्रो वर्ष उनकै साङ्पाङ बुङ्गुर फार्मले २५ लाख अनुदान खायो । मेरै आँखाअगाडि इलामकै मैनालीजीको साङ्ग्रिला टी स्टेटले इन्फास्ट्रक्चर डेभलपमेन्ट, अर्गानिक प्रमाणीकरण र गाडी गरी एकै वर्ष एकै उद्योग एकै सरकारबाट २०/२५ लाख अनुदान खायो, हामी चिल्लै ।"**

**कृषिमा मात्र होइन, छात्रवृत्तिदेखि राज्यबाट पाउने प्राय: सबै सुविधा पहुँच, कमिशन, घूसको आधारमा बिचौलियाको हातमा गएको कुरा सुसाइट नोटमा उल्लेख छ । यसरी उल्लेख गरिएका कुराहरू कुनै पनि हालतमा काल्पनिक होइनन् । आज मुलुकका सर्वसाधारण नागरिकले भोगिरहेको यथार्थ हो । मुलुकको संविधानले 'गाउँगाउँमा सिंहदरबार' भनेपछि राज्यको सेवासुविधाको समान वितरण गाउँसम्म र झुपडी–झुपडीसम्म पुग्ने आशा गरिएको थियो । ठीक यसको विपरीत हिजो सिंहदरबारमा हुने भ्रष्टाचार आज गाउँटोलसम्म पुग्न थाल्यो । "राजनीतिक दलका नेताहरू भ्रष्टाचारको धूवाँधार विरोध गर्छन् । सत्तामा बसेकाहरू कारबाही गर्छौं भन्छन् । तर भ्रष्टाचारको गुनासो लिएर गए प्रमाण ल्याउनुस् भन्छन् । प्रमाण नै पेश गरे रीत पुगेको भन्छन् र भ्रष्टले उन्मुक्ति पाउँछन् । यसरी आमनागरिक तथा स्वदेशमा नै केही गरौं भन्ने युवाहरूलाई निराशातर्फ धकेल्ने काम राज्यतन्त्रले गरिरहेको छ ।"**

**सत्तामा नहुन्जेल सडकमा उठेका सवाललाई बढो क्रान्तिकारी बनेर चर्काउनेहरू सत्तामा पुगेपछि आन्दोलन तुहाउने चलन नेपालमा सामान्य बनेको छ । यस्तो अवस्थामा पहुँचविहीन आमनागरिकको सुनवाइ हुने ठाउँ छैन । आचार्यको विद्रोहले तमाम सर्वसाधारण नेपालीको प्रतिनिधित्व गरेको छ । हाम्रो मुलुकको लागि विद्रोहको यो हदसम्म उत्रन पर्नु दुर्भाग्यपूर्ण हो । राज्यसत्ताको जिम्मा लिएका पार्टी नेताहरू र सरकारमा अलिकति पनि नैतिकता छ भने लज्जाबोध हुनुपर्छ । लज्जाबोध हुने हो भने तत्काल सुधारका काम थालिनुपर्दछ । सरकारमा बसेकाहरूले खोक्रा आश्वासन दिएर, स्टाटस लेखेर वा संसद्मा बहकिएर गोहीका आँसु चुहाउनुको अर्थ छैन । अब पनि सुधार आउन सकेन भने देशका नागरिक 'आत्मघाती' बनेर पड्कन बाध्य हुन्छन् भन्ने सङ्केत आचार्यको [redacted] छ ।**

# श्रममा बाँच्ने शासित र श्रमशोषक शासक भए

स्वतन्त्र विचार



बैधनाथ श्रमजीवी
baidhnath2071@gmail.com

मानव समाजभित्र कृषि युगले मूलत: दुईवटा परिवर्तन ल्यायो । एकातिर फिरन्ते जीवन बिताइरहेका जङ्गलीयुगका मानवलाई गाउँघर बनाएर एक ठाउँमा बस्न बाध्य गऱ्यो भने अर्कोतर्फ मानवमा भविष्यप्रतिको चिन्ता उत्पन्न गऱ्यो । जस्तो कि खेती नफले के खाने ? मौसम बिग्रिएर वा असिना परेर बाली सखाप पो हुने हो कि ?

यसरी भविष्यको चिन्तासँगै अन्नहरू सञ्चय गर्न थालियो । अन्न जस्तो महत्त्वपूर्ण कुरा फल्ने माटोको समेत माया हुर्किन थाल्यो ।

वास्तवमा मानवसमाजभित्र त्यो सोच नै एक किसिमको सामाजिक र राजनीतिक प्रणालीको आधारशिला थियो भन्दा कुनै अतिशयोक्ति नहोला । मानिसहरू फिरन्तेबाट एकै ठाउँमा बस्नेमा फेरिएपछि गाउँ बन्न थाल्यो । केही सय मान्छे बस्ने पृथ्वीको पहिलो मानवबस्ती जेरिक्को गाउँ (अहिलेको प्यालेस्टाइन भएको ठाउँ) ईसापूर्व ८५०० मा बन्यो । युफेटस्, सिन्धु र यल्लो नदीका किनारहरूमा गाउँ देखा परे । गाउँपछि शहर र केही गाउँशहर मिलेर साम्राज्य बन्यो । यस क्रममा लगभग २५०० वर्ष पहिले पृथ्वीमा पहिलोचोटि सङ्गठित साम्राज्यका साथै अनेकौं मिथकहरूको जन्म भयो । जस्तै– लिखित अलिखित कानून–संस्कृति, स्वर्ग–नर्क, भाग्य–विधाता, भगवान्–राक्षस, माथिल्लो जाति–तल्लो जाति, महिला–पुरुष आदि विभेदहरू जन्मिए । शासन व्यवस्थाको उत्पत्ति भयो । एकथरी मान्छेहरू आफूले उब्जाउ गरेको कृषिबाट कर तिर्न बाध्य भए, अर्काथरी त्यसैमा राज गर्ने शासक बने । यसरी आफ्नै श्रममा बाँच्नेहरू शासित हुन पुगे भने अरूको श्रममा बाँच्नेहरू शासकको रूपमा देखा परे ।

जब राज्यमा शासितको सङ्ख्या बढ्न थाल्यो, उनीहरूलाई कर उठाउन समस्या पऱ्यो । कुन किसानले कुन वर्ष, कति तिऱ्यो ? तिऱ्यो वा तिरेन ? सबैको हिसाब सम्झिएर साध्य भएन । किनभने अफ्रिकाको घाँसे मैदानमा भाग्ने, छल्ने र बच्ने क्रममा विकास भएको मानव मस्तिष्क त्यति धेरै सूचना सङ्ग्रह गर्न सक्ने अङ्ग थिएन । मानव दिमागमा हिसाबकिताब राख्न नसक्ने भएपछि जन्मियो– नम्बर (सङ्ख्या) र लेख्ने प्रणाली । यस प्रकार राज्यमा धेरै गाउँ भएपछि गाउँहरूबीच आवतजावत बढ्न थाल्यो र मानवका आर्थिक र सामाजिक आवश्यकताहरू बढ्न थाले । एकपछि अर्को नयाँ सुविधाको खोजीको कहिल्यै समाप्त नहुने असीमित दौडमा सामेल भयो मानव । वृहद् आवश्यकताले काममा विशिष्टीकरण ल्यायो । फलस्वरूप घर बनाउने, खेती गर्ने, पशु पाल्ने, फलफूल लगाउने, बिरामी हेर्ने फरक–फरक पेशाका मानवहरू देखा परे । यस्ता फरक सीप भएका मानवबीच धेरै वस्तु र सेवाको विनिमयको लागि भरपर्दो र चुस्त सटही माध्यम चाहियो । त्यसले मानव कल्पनाशीलताको सर्वोत्कृष्ट आविष्कार अर्थात् पैसा जन्मायो । चार हजार वर्ष पहिले शुरूमा अफ्रिका र दक्षिण एशियातिर समुद्री जीव काउरीको खपटा पैसाको रूपमा प्रयोग हुन थाल्यो । आज विश्वमा पैसा भनेको कागजी नोट वा सिक्का होइनन्, त्यो फगत विश्वास मात्रै हो । त्यसैले विश्वभरि भएका कुल मौद्रिक सम्पत्तिमध्ये ९० प्रतिशत पैसा त बैंकहरूको कम्प्युटरको हिसाबमा मात्र सीमित छ ।

मिथकका रूपमा निर्माण भएका साम्राज्य र पैसा जत्तिकै महत्त्वपूर्ण तेस्रो कुरा धर्म हो । आज विश्वमा कुनै पनि मानव यी तीन कुरा धर्म, राज्य र पैसाबाट अछूतो छैन । धर्मलाई अहिले मानिसहरू विभेद, मतभेद र फुटको स्रोतको रूपमा हेर्छन् । तर इतिहासमा धर्मले मानवजातिको एकीकरण र सहकार्यमा महत्त्वपूर्ण भूमिका खेलेको छ ।

मानव कल्पनामा निर्मित सामाजिक संरचना वृहद् हुँदै जाँदा सामाजिक सम्बन्धहरू कमजोर बन्न पुगे र कतिपय अवस्थामा निकम्मा बने । त्यसलाई बलियोसँग बाँधिराख्न त्यही समाजले चाहेको वा त्यसबाट स्वीकृत भएको नियम कानून अपुग बन्न पुग्यो । मानवभन्दा पर अन्य केही दैवी शक्तिद्वारा निर्मित मूल्य र मान्यताको आवश्यकता टड्कारो भयो । तिम्रो भाग्यमा कुनै शक्तिले यस्तै लेखिदिएछ वा फलाना भगवान्का अनुसार तिमीले यो कुरा खायौ भने मरेपछि नर्क जान्छौ वा यसो गऱ्यौ भने स्वर्ग जान्छौ जस्ता मिथकहरू निर्माण भए । अहिलेसम्म सबै धर्मको केन्द्रीय सोच हामीभन्दा पर अर्को कुनै अदृश्य शक्ति छ र त्यसैको मूल्य–मान्यता र खटनपटनमार्फत हामी चलेका हौं भन्ने नै हो ।

अहिले धर्म, पैसा र राज्यमा आधारित भएर प्रत्येक मानवले एकापसमा सहकार्य गरिरहेका छन् । त्यस कारण मानवजाति एकीकरणको सूत्रका रूपमा यी तीन कुरालाई मानेका छन् ।

वेबिलोन जस्तो ठूलो साम्राज्य बनाए पनि, इजिप्टमा भीमकाय पिरामिड खडा गरे पनि आजभन्दा ५०० वर्षअघिसम्म पनि पृथ्वीमा मानव प्रभाव खासै घनीभूत र शक्तिशाली भएको थिएन । कृषि क्रान्तिपछि पनि प्रतिव्यक्ति उत्पादन सधैं स्थिर रह्यो । १६औं शताब्दीमा स्पेनिश म्यागेलान एक्स्पिडिसनभन्दा अघि यस संसारको परिक्रमा कुनै मानवले पनि गरेको थिएन । मानवलाई यस संसारमा भएका ९९.९ प्रतिशत जीवजन्तु र पारिस्थितिकीय प्रणालीका बारेमा ज्ञान थिएन । त्यही अज्ञानताको महसूस गर्ने बेलामा मानवलाई चेत भएको हुनुपर्छ, जीवन र जगत्को अध्ययन नगरेसम्म आफ्नो क्षमताको अभूतपूर्व वृद्धि सम्भव छैन ।

मानवले आफ्नो अज्ञानतालाई स्वीकार गरेर प्रगतिको चेतना हासिल गऱ्यो । पछिल्लो चरणमा यही प्रगतिवादी अवधारणा आर्थिक अवधारणामा रूपान्तरण भयो, जसको एकमात्र उद्देश्य उत्पादन, व्यापार र पूँजीको वृद्धिमा केन्द्रित थियो । जसले पूँजीवादी अवधारणा जन्मायो । जब उत्पादन बढाउने र पूँजी वृद्धिको पूँजीवादीको भोक र आर्थिक उत्पादनसँगै शक्ति आर्जन गर्ने साम्राज्यवादी लोभले वैज्ञानिक क्रान्तिमा आफ्नो प्रगति देखे, क्रमिक विकासको यात्रामा मानव दौड सुपरसोनिक जहाजको गतिमा कुद्न थाल्यो ।

२०० वर्ष पहिले वाष्प इन्जिन बनाउने कामदेखि सिलिकन भ्यालीमा प्रत्येक दिन उत्पादन हुने ग्याजेट निर्माणका पछाडि निरन्तर उत्पादन बढाउने र पूँजी वृद्धि गर्ने पूँजीवादी मान्यताले काम गरिरहेको छ ।

आधुनिक विज्ञान कहिल्यै पनि पूँजीवादबाट अलग भएको छैन । पूँजीवादले आधुनिक विज्ञानको विकासमा मुख्य भूमिका खेल्यो नै, त्योसँगै युरोपिय साम्राज्य विश्वभर फैलाउन पनि मदत गऱ्यो । तिनै वैज्ञानिक खोज र आविष्कारको बलमा आर्थिक उत्पादन बढ्यो र साम्राज्यहरू झनै धनी र शक्तिशाली भए ।

१५औं शताब्दीमा क्रिस्टोफर कोलम्बसले व्यापारको नयाँ मार्ग पत्ता लगाएर त्यसबाट प्रशस्त धन कमाउने योजना पोर्चुगलको राजा जोन द्वितीयलाई सुनाए । राजाले ज्यान गए टेरेनन् । उनले त्यो योजना इटाली, फ्रान्स र इङ्ल्यान्डका व्यापारीहरूलाई पनि सुनाए । तर कसैले टेरपुच्छर लगाएन । अन्त्यमा उनी स्पेनिश साम्राज्यकी रानीलाई आफ्नो योजनामा मनाउन सफल भए । उक्त योजना अन्तर्गत आधुनिक अमेरिका स्पेनिश साम्राज्यको कब्जामा पुग्यो । त्यहाँको सुन र चाँदी खानी, चिनी र सुर्तीको व्यापारले स्पेनिशहरू धनी भए । नयाँ खोज गरेर धनी हुने योजना कोलम्बसको पालादेखि जुकरबर्गको पालासम्म पनि जारी छ । मानव क्रमिक विकासको पछिल्लो पाँच सय वर्ष अज्ञानताबाट ज्ञानको खोजी गर्ने क्रममा वैज्ञानिक अध्ययन, अनुसन्धानमा केन्द्रित भएको छ । वास्तवमा यो वैज्ञानिक क्रान्तिको चरण हो । त्यसैले आजको विश्वमा विज्ञान र प्रविधिको प्रयोगमा जो अगाडि छ, त्यो नै संसारमा समृद्धि र विकासमा सबैभन्दा अगाडि छ । विज्ञान, प्रविधिलाई उपेक्षा गर्ने तथा अन्धविश्वास जस्ता कुरामा रुमलिनेहरू अबको संसारमा समृद्धि र उन्नतिको शिखर चुम्न सक्दैनन् । हाम्रा नेताहरूले विकास र समृद्धिका गफहरू खूबै दिन्छन् तर देशभित्र विज्ञान र प्रविधिको विकासमा थोरै पनि ध्यान दिंदैनन् । यसबाट के प्रस्ट हुन्छ भने नेताहरूले विदेशीहरूको दलाली गरेर आफ्नो मात्रै समृद्धि ताकेका छन् । देश र जनतासँग यिनलाई कुनै मतलब छैन ।

**हाम्रा नेताहरूले विकास र समृद्धिका गफहरू खूबै दिन्छन् तर देशभित्र विज्ञान र प्रविधिको विकासमा थोरै पनि ध्यान दिंदैनन् । यसबाट के प्रस्ट हुन्छ भने नेताहरूले विदेशीहरूको दलाली गरेर आफ्नो मात्रै समृद्धि ताकेका छन् । देश र जनतासँग यिनलाई कुनै मतलब छैन ।**

# सर्वोच्चको फैसला : नागरिकता प्रकरणमा लामिछाने दोषी ठहर, गृहमन्त्री र सांसद दुवै पद जाने

काठमाडौं, १३ माघ/रासस

सर्वोच्च अदालतले उपप्रधान एवं गृहमन्त्री रवि लामिछानेको नागरिकतासम्बन्धी मुद्दामा दोषी ठहर गरेपछि मन्त्री तथा सांसद पद दुवै गएको छ ।

कामु प्रधानन्यायाधीश हरिकृष्ण कार्की, न्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ, ईश्वरप्रसाद खतिवडा, डा आनन्दमोहन भट्टराई र अनिलकुमार सिन्हाको संवैधानिक इजलासमा उक्त विवादपछि सुनाएको फैसलापछि उक्त पदहरू नरहने भएको हो ।


"रवि लामिछानेले प्राप्त गरेको अमेरिकी नागरिकता परित्याग गरेपछि विधिवत्रूपमा नेपाली नागरिकता पुन: कायम गर्ने प्रक्रिया पूरा गरेको नदेखिएको हुँदा निजले प्रतिनिधिसभा सदस्य पदको उम्मेदवार हुन वा सो पदमा निर्वाचित भई कायम रहन मिल्ने देखिएन," फैसलामा भनिएको छ, "निजले चितवन जिल्ला, निर्वाचन क्षेत्र नं २ बाट प्रतिनिधिसभा सदस्य पदमा उम्मेदवार हुन पाउने अवस्था नरहेकोमा उम्मेदवार भई निर्वाचितसमेत भएको देखिंदा निज प्रत्यर्थी रवि लामिछानेलाई उम्मेदवार कायम गर्ने, निजलाई निर्वाचित घोषणा गर्ने, प्रमाणपत्रलगायत दिने काम कारबाही नेपालको संविधानको धारा १३३ को उपधारा (२) (३) तथा धारा १३७ बमोजिम उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ ।"

गृहमन्त्री लामिछानेले वंशजको आधारमा २०५० सालमा नेपाली नागरिकताको प्रमाणपत्र लिएको देखिन्छ । निजले २०७० साल (सन् २०१४) मा अमेरिकी नागरिकता लिएको र तत्पश्चात् २०७५ सालमा अमेरिकी नागरिकता त्याग्ने प्रयोजनका लागि नेपालस्थित अमेरिकी दूतावासलाई सूचना दिई मिति २०७५ असार १४ को जानकारीका आधारमा अमेरिकी नागरिकता त्यागेको कुरामा विवाद नदेखिएको फैसलामा छ ।

"नेपाली नागरिकता पुन: कायम गर्न नेपाल नागरिकता ऐन, २०६३ को दफा ११ तथा नेपाल नागरिकता नियमावली, २०६३ को नियम ११ बमोजिमको प्रक्रिया पूरा गरेको देखिंदैन," फैसलामा भनिएको छ, "नेपालको संविधानको धारा १३ ले नागरिकताको प्राप्ति, पुनर्प्राप्ति र समाप्ति सङ्घीय कानूनबमोजिम हुने व्यवस्था गरेको छ, नेपाल नागरिकता ऐन, २०६३ को दफा १० मा आफूखुशी विदेशी नागरिकता लिएमा अथवा एकैसाथ नेपाली र विदेशी मुलुकको नागरिक हुने अवस्थामा नेपाली नागरिकता नरोजेमा नेपाली नागरिकता कायम नरहने प्रस्ट व्यवस्था रहेको देखिन्छ ।"

अदालतले विदेशी मुलुकको नागरिकता लिएपछि नेपाली नागरिकता कायम नरहने र विदेशी मुलुकको नागरिकता आफूखुशी लिएको वा नेपाली नागरिकता त्यागेको दुवै अवस्थामा नेपाली नागरिकता कायम रहँदैन भन्दै यस्तो अवस्थामा नेपाली नागरिकता पुनर्प्राप्त गर्न कानूनले तोकेको प्रक्रिया पूरा गर्नु नै पर्ने भएको ठहर गरेको छ ।

"नेपाल नागरिकता ऐन, २०६३ को दफा ११ मा कुनै नेपाली नागरिकले विदेशी मुलुकको नागरिकता प्राप्त गरेपछि पुन: नेपालमा आई बसोबास गरेको र विदेशी मुलुकको नागरिकता त्यागेको निस्सा तोकिएको अधिकारीलाई त्यस्तो निस्सा दर्ता भएको मितिदेखि निजको नेपाली नागरिकता पुन: कायम हुनेछ भन्ने व्यवस्था रहेको देखिन्छ," फैसलामा भनिएको छ, "तर रवि लामिछानेले प्राप्त गरेको अमेरिकी नागरिकता त्याग गरेको कुराको विधिवत् जानकारी सम्बन्धित अधिकारी (प्रमुख जिल्ला अधिकारी)लाई दिएको तथा नेपाल नागरिकता ऐन, २०६३ को दफा १० र ११ लगायत नेपाल



नागरिकता नियमावली, २०६३ को नियम ११ बमोजिम तोकिएको प्रक्रियाबमोजिम नागरिकता जारी गर्ने कार्यालयमा गई निवेदन दिई प्रक्रिया पूरा गरेको भन्ने देखिंदैन ।"

अदालतले नेपालको संविधानको धारा ७ तथा प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १२ को प्रयोजनका लागि उम्मेदवार बन्न योग्यता पुगेको भनी मान्न नमिल्ने ठहर गरेको छ ।

नेपालको संविधानको धारा ८७ (१) तथा प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १२ बमोजिम प्रतिनिधिसभाको सदस्य पदका लागि उम्मेदवार हुन योग्य मानिनका लागि अन्य कुराको अतिरिक्त नेपाली नागरिक

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# महाकवि अरुणसित मेरो सम्बन्ध

स्वान्त सुखायः



सञ्जय मित्र

mitrasanjay41@gmail.com

अचानक छाती भारी भएर आउँछ। अप्ठ्यारो लाग्दै आयो । विद्यालयमा सरस्वतीपूजा भइरहेको छ। बनारस पुगेर सरस्वतीको प्रतिमा ल्याउन गएको टोलीमा म पनि थिएँ। हामी शिक्षककै रगत र पसिनाको आर्जनबाट प्रतिमा ल्याइएको छ। त्यसै पनि सरस्वतीपूजा र आफू सिर्जनासित रमाउने मानिस। केही साथी तथा शिष्यलाई आज कम्तीमा कुनै एउटा नयाँ सिर्जना होओस् भनेर भनिसकेको छु।

असह्यजस्तो हुन थालेपछि महम्मदपुरमा रहेको प्राविका एकजना हेड सरको मोटरसाइकलमा बसेर विद्यालयबाट निस्कन्छु। घरमा पत्नी रेणु गुप्ता विश्राम गरिरहेकी छन्। भान्सामा गएर आफैंले पानी तताएर खान्छु। हलकोठामा ओछ्यानमा पल्टिन्छु। छटपटी कम भएको छैन, टेलिभिजनमा समाचार हेर्ने प्रयास गर्छु। अलिक मन बहलिएको जस्तो हुन्छ क्यारे।




आफूलाई अलमल गराउने एउटा साधन मोबाइल पनि हो। डा यशवन्त कुमारले तीन मिनेटअघि आफ्नो फेसबूक वालमा पोस्ट गरेका छन्– नहीं रहे बज्जिका के महाकवि मेरे पिताजी डा अवधेश्वर अरुण।

जतिखेर मेरो छातीभित्र पीडा भइरहेको थियो, सम्भवतः महाकवि अरुण महाप्रस्थान गर्दै हुनुहुन्थ्यो। उहाँको महाप्रयाण प्रस्थानप्रति मेरो छातीले पीडा दर्शाइरहेको थियो।

बज्जिका भाषाको सेवामा लागेपछि भारतको दरभङ्गामा एउटा कार्यक्रममा निम्त्याइएको थिएँ। निकै उत्साहपूर्वक सहभागी भएको थिएँ र त्यस कार्यक्रममा सबैभन्दा बढी प्रभावित भएको थिएँ, डा अवधेश्वर अरुणबाट। यो कार्यक्रमको तिथिमिति अहिले सम्झना भएन तर कम्तीमा डेढ दशकपहिले भने अवश्य हो।

पछि डा अरुणले बज्जिका भाषामा रामायण लेखेको थाहा पाएँ। साहित्यकार सञ्जय सुदामाले रामायण देखाएका थिए।

बज्जिका यात्रा निकाल्ने काम गरें। नेतृत्व मेरो थियो, सबैभन्दा समय, श्रम, मानसिकता र अर्थ मेरै लाग्ने यात्रा थियो। यही यात्राका क्रममा डा अवधेश्वर अरुणको घरमा पुगेर एक ठाउँमा बसेर साक्षात्कार गर्ने सुअवसर प्राप्त गरेको थिएँ।

सन् १९३८ को असोज शुक्ल महानवमी तिथिका दिन बिहान ८–९ बजेको बीचमा जन्मनुभएका डा अरुणको जन्म वर्तमान वैशाली जिल्लाको बिठौली भन्ने गाउँमा भएको थियो। पिता यन्त्रीप्रसाद सिंह र माता धनेश्वरी देवीका द्वितीय पुत्रको रूपमा जन्मनुभएका डा अरुणको परिवारको आर्थिक स्थिति अत्यन्त सामान्य थियो। सानोमा आफ्नै गाउँमा प्राथमिक शिक्षा हासिल गर्नुभएका डा अरुणले विज्ञान विषय लिई प्रथम श्रेणीमा म्याट्रिक पास गर्नुभएको थियो। मुजफ्फरपुरमा आइए पढ्न हरेक दिन घरबाट रेल चढेर पुग्ने डा अरुणको आइएस्सी पढ्ने सपना आर्थिक अभावका कारण पूरा हुन सकेको थिएन। आइए पास भएपछि बिए र एमए पनि पूरा गर्नुभयो। गाउँका उहाँ प्रथम एमए बन्न पुग्नुभयो। सन् १९६२ मा डा अरुणले एमए पूरा गर्नुभएको थियो।

सन् १९६६ मा पिएचडी र सन् १९७१ मा डिलिट उपाधि हासिल गर्नुभएका डा अरुण आइए पढ्दादेखि नै साहित्यमा अभिरुचि लिन थाल्नुभएको थियो। प्राध्यापनसँगै प्रशासन र अन्य क्षेत्रमा सक्रिय डा अरुणको बारेमा जतिजति जान्दै गएँ, उतिउति उहाँको उचाइ झन् झन् बढिरहेको पाएँ।

डा अरुणासित मलाई चिनजान गराउँदा नै साहित्यकार सुदामाले भनेका थिए– नेपालमा बज्जिका भाषा र साहित्यमा जे जति प्रगति भइरहेका छन्, सबैको मूल कारण मित्र नै हुन्।

सुदामा पहिले नै डा अरुणको घर पुगिसकेका थिए र यसपटक पनि यात्रामा सहभागी थिए।

सुदामाको उक्तिपछि डा अरुणले निकै नै स्नेहपूर्ण दृष्टिले मलाई हेर्नुभएको थियो। हेराइमा स्नेह थियो र मलाई लागिरहेको थियो कि भगवान् गौतम बुद्धले आफ्नो आशीर्वादमूलक

(बाँकी पाँचौं पातामा)

# दी अमेरिकन लाइफ (१९)

धारावाहिक



विश्वराज अधिकारी

akoutilya@gmail.com

**दोस्रो संसार**

विभिन्न देशहरू भएको पहिलो वा बाँकी संसार एउटा संसार हो भने अमेरिका दोस्रो संसार हो। किन र कसरी ?

बाँकी संसारमा अनेक देश हुन्छन् भने अमेरिकामा अनेक देशका मानिस छन्। आआफ्नो देशको प्रतिनिधित्व गरेर बसेका छन्। अमेरिकामा अनेक देशका मानिस भएका हुनाले अमेरिकालाई दोस्रो वा छुट्टै संसार भनिएको हो।

अमेरिकामा संसारका प्रायः सम्पूर्ण देशका मानिसको बसोवास रहेको पाइन्छ। एशिया, अफ्रिका, अस्ट्रेलिया, युरोप, दक्षिण अमेरिकाका विभिन्न देशका नागरिक अमेरिकामा भेट्न सकिन्छ। उनीहरूको राष्ट्रिय भाषा अनुसार कुरा गर्न सकिन्छ। विभिन्न देशका नागरिक केवल एकै स्थल–अमेरिकामा मात्र देख्न सकिने हुनाले यसलाई एउटै छुट्टै देश वा संसार भन्ने गरिएको हो।

संसारका अनेक देश–जस्तै भारत, जापान, रूस, ब्रजील आदिमा विभिन्न देशका मानिस स्थायी वा अस्थायीरूपमा बसेको देख्न सकिन्छ तर अमेरिका जति ठूलो सङ्ख्यामा र विभिन्न देशका नागरिकहरू स्थायी वा अस्थायीरूपले बसेको देखिन्न। अमरिकामा अन्य मुलुकका नागरिकहरू स्थायी किसिमले ठूलो सङ्ख्यामा बसेका देखिन्छन्।

पाकिस्तान, अफगानिस्तान, इरान, इराक, भुटान, चीन, रूसजस्ता देशमा केवल केही देशका मानिस स्थायी वा अस्थायीरूपमा बसोबास गरेका देखिन्छन्। अफगानिस्तान, पाकिस्तान, इरान यस्ता देश हुन्, जहाँ ठूलो सङ्ख्यामा एकै धर्म र समुदाय वा नागरिकले बसोबास गरेको पाइन्छ। तर अमेरिकामा ठूलो सङ्ख्यामा विभिन्न देशका नागरिक स्थायी वा अस्थायीरूपमा बसोवास गरेको देख्न सकिन्छ। अमेरिकी संस्कृतिमैं मिसिएको देख्न सकिन्छ।

हुनत क्यानडालाई पनि दोस्रो संसार भन्ने गरिन्छ। क्यानडाले पनि संयुक्त राष्ट्रसङ्घको झल्को दिन्छ। क्यानडामा पनि संसारभरिका अनेक देशका नागरिकको बसोवास रहेको पाइन्छ। तर अमेरिकामा भने क्यानडाभन्दा बढी देशका मानिसको बसोवास रहेको विश्वास गरिन्छ। संसारभरिका देशबाट विद्यार्थीहरू अमेरिकामा विभिन्न विषय अध्ययन गर्न ठूलो सङ्ख्यामा आउने र त्यसरी आउने विद्यार्थीहरूलाई अमेरिकी विश्वविद्यालयहरूले आर्थिक सहयोगसमेत पनि दिने तथा अमेरिकाले चिठा प्रणालीद्वारा (Diversity Immigrant Visa–DV) विभिन्न देशका नागरिकलाई आफ्नो देशमा आएर स्थायीरूपमा बसोवास गर्न दिने हुनाले पनि त्यस्तो भएको हो।

अमेरिकमा बसोवास गर्ने कुनै पनि व्यक्तिले आफ्नो विश्वास अनुसार धर्म मान्न पाउँछ। र त्यस्तो गर्न पाउने अमेरिकी संविधानमा नै व्यवस्था गरिएको छ। अमेरिकी संविधान अनुसार कुनै पनि व्यक्तिले आफूले अङ्गीकार गरेको धर्म मान्न पाउँछ अथवा म धर्म मान्दिनँ पनि भन्न पाउँछ (Everyone in the United States has the right to practice his or her own religion, or no religion at all - US Constitution)।

धर्मप्रति अमेरिकी उदार नीतिले गर्दा अमेरिकमा हिन्दू मन्दिर, सिख गुरुद्वारा, मस्जिद ठूलो सङ्ख्यामा निर्माण गरिएको र ती धार्मिकस्थलहरूमा ठूलो सङ्ख्यामा सम्बन्धित धर्मका व्यक्तिहरू गएका देखिन्छन्। न्युयोर्क राज्यमा मात्र २५७ मस्जिद (मस्क), क्यालिफोर्निया राज्यमा मात्र २९ गुरुद्वारा र अमेरिकाभरिमा ९०० (सन् २०२२) भन्दा बढी हिन्दू मन्दिर वा केन्द्रहरू रहेकाबाट पनि अमेरिकी नीति धर्मप्रति उदार रहेको पुष्टि हुन्छ।

# नेपाली मुद्राबारे संक्षिप्त इतिहास

सरोकार



राजेश मिश्र

rajesh560107@gmail.com

'रुपैयाँ' शब्दको उत्पत्ति संस्कृत शब्द रुप्बाट भएको हो। जसको अर्थ हो, चाँदी। संस्कृत शब्द 'रूप्यकम्' भन्नाले चाँदीको सिक्कालाई जनाउँछ।


नेपालमा प्रचलित मुद्रालाई 'रुपैयाँ' भनिन्छ। एक रुपैयाँलाई सय पैसामा बाँडिन्छ। अर्थात् सय पैसा बराबर एक रुपैयाँ हुन्छ। पचास पैसाको एक मोहर र २५ पैसालाई एक सुकी भनिन्छ। दुई मोहर वा चार सुकी बराबर नेपाली एक रुपैयाँ हुन्छ। वर्तमान परिप्रेक्ष्यमा मोहर र सुकी प्रयोगशून्य छन्। सुकी प्रचलनमा नरहे तापनि अनेकौं सन्दर्भमा 'सुकी' शब्दको प्रयोग हुने गरेको पाइन्छ। जस्तै 'काम राम्रोसँग नगरेमा एक सुकी पनि पाइँदैन' उहिलेदेखि प्रयोग हुँदै आइरहेको वाक्यांश हो।

नेपालमा पहिलो लिच्छवी राजा मानदेवको शासनकालदेखि मुद्राको प्रचलन शुरू भएको कुरा पुराना दस्तावेजहरूबाट अवगत हुन्छ। त्यति बेला राजा मानदेवले सिक्का प्रचलनमा ल्याएका थिए। कागजी नोटको प्रचलन विसं २००२ असोज १ गतेबाट जुद्धशमशेरले श्री ५ त्रिभुवनको श्रीपेचसहितको मुखाकृति अङ्कित रु एक, पाँच, दश र एक सयका नोटहरू सदर मुलुकीखानाबाट प्रकाशनमा ल्याएपछि भएको हो।

त्यसैगरी, विभिन्न समयमा कागजी नोट प्रचलनमा आएका छन्। विसं २०२६ वैशाख १४ गतेदेखि रु एक हजार, २०२७ जेठ ३० गतेदेखि रु पाँच सय, २०३४ वैशाख १४ गतेदेखि रु ५०, २०३८ वैशाख १४ गतेदेखि रु दुई र २०३९ कात्तिक २२ गतेदेखि रु २० का कागजी नोटको सुरुआत भएको हो। विसं २००९ मा नेपाली मुद्रालाई आधिकारिकरूपमा "नेपाली रुपैयाँ" भनी घोषित गरिएको थियो।

नेपालमा मुद्राको इतिहास लामो छ। समयको गतिसँगै घरायसी वस्तु, माटो, ढुङ्गा, चाँदी, तामा, सिल्भर आदिका सिक्कादेखि कागजी नोटलगायत विविध प्रकारका मुद्रा प्रयोग हुँदै आएका छन्। सोहीमध्ये झन्डै सात दशकअघि मुद्रा सम्बन्धमा नेपाल गजेटमा प्रकाशित दस्तावेजहरू प्राप्त भएका छन्। जस्तै नेपालका सरकारी अड्डाहरूमा भारतीय मुद्राको प्रयोग, राजा महेन्द्रको राज्याभिषेकको अवसरमा नयाँ सिक्काको उदय र नेपाली मुद्राको प्रचलन बढाउन बनेका ऐन आदिबारे चर्चा गरौं।

**अड्डाहरूमा भारु लेनदेन**


नेपाल गजेट
भाग ४

अर्थ मन्त्रालयः भारतीय रुपैयाँ बुझी लिनेदिनेबारे।

विसं २०१२ चैत १२ गते अर्थ मन्त्रालयका सेक्रेटरी नीरराजद्वारा जारी सूचना विसं २०१२ चैत २० गते नेपाल गजेटमा प्रकाशित भएको देखिन्छ। उक्त गजेटमा "भारतीय नोटमध्ये १०० दरको र सोभन्दा घटी दरका नोटहरूसम्म सरकारीया अड्डाले बुझी लिने भैरहेकोमा अबउप्रान्त रु एक हजार दरको अशोकस्तम्भ भएको भारतीय नोट पनि बुझी लिनेदिने गर्नु भनी नेपाल, मधेस, पहाड सबै सरकारीया अड्डाका नाउँमा आदेश भैआएकोले सो बेहोरा सबैलाई थाहा होस् भन्नानिमित्त यो सूचना प्रकाश गरिएको छ" प्रकाशित भएको देखिन्छ।

**नयाँ डिजाइनको मुद्राको चलन**

नेपाल गजेट भाग ४, विसं २०१३ वैशाख २० गतेको अतिरिक्ताङ्क ३ मा तत्कालीन नेपाल सरकारको निर्णय मिति २०१३ वैशाख १८ गतेको नेपाल गजेटमा प्रकाशित भएको देखिन्छ।

राजा महेन्द्रको राज्याभिषेक विसं २०१३ वैशाख २१ गते भएको थियो। नेपाल गजेटमा उल्लेख छ– "श्री ५ बडामहाराजाधिराजको शुभ राज्याभिषेक महोत्सवको उपलक्ष्यमा नयाँ डिजाइनको चलनचल्तीमा ल्याइने भएको मुद्राहरूको विवरण तपसिलमा खोली सबैलाई ज्ञात होस् भन्नानिमित्त यो सूचना प्रकाश गरिएको छ।"

**एक रुपैयाँ**

मुद्रा १ रुपैयाँ, तौल १८० ग्रेन, धातु २५ निक्लेस ७५ ताबा, डायमिटर (व्यास) १.१२५, सिक्काको एकापट्टि शुभराज्याभिषेक, श्री ५ को श्रीपेच, चन्द्र, सूर्य, शङ्ख, चक्र, गदा, पद्म, श्री ५ महेन्द्र वीरविक्रम शाहदेव २०१३ तथा अर्कोपट्टि अष्टकोणभित्र श्री श्री श्री गोरखनाथ भन्ने, बीचमा चक्क, भित्र श्रीभवानी र फूलको भाखाखड्ग, एक रुपैयाँ अङ्कित।

**मोहर**

मुद्रा ५० पैसे मोहर, तौल ९० ग्रेन, धातु २५ निक्लेस ७५ ताबा, डाइमिटर ९९३, सिक्काको एकापट्टि शुभराज्याभिषेक, श्री ५ को श्रीपेच, चन्द्र, सूर्य, शङ्ख, चक्र, गदा, पद्म, श्री ५ महेन्द्र वीरविक्रम शाहदेव २०१३ तथा अर्कोपट्टि अष्टकोणभित्र श्री श्री श्री गोरखनाथ भन्ने, बीचमा चक्क, भित्र श्रीभवानी र फूलको भाखाखड्ग, पचास पैसा अङ्कित।

**सुकी**

मुद्रा २५ पैसे सुकी, तौल ४५ ग्रेन, धातु २५ निक्लेस ७५ ताबा, डायमिटर ७५०, सिक्काको एकापट्टि शुभराज्याभिषेक, श्री ५ को श्रीपेच, चन्द्र, सूर्य, शङ्ख, चक्र, गदा, पद्म, श्री ५ महेन्द्र वीरविक्रम शाहदेव २०१३ तथा अर्कोपट्टि अष्टकोणभित्र श्री श्री श्री गोरखनाथ भन्ने, बीचमा चक्क, भित्र श्रीभवानी र फूलको भाखाखड्ग, पच्चीस पैसा अङ्कित।

**दश पैसे**


मुद्रा १० पैसे, तौल १०० ग्रेन, धातु ताबा ९५ जस्ता ५, डायमिटर ९७५, सिक्काको एकापट्टि शुभराज्याभिषेक, श्री ५ को श्रीपेच, चन्द्र, सूर्य, शङ्ख, चक्र, गदा, पद्म, श्री ५ महेन्द्र वीरविक्रम शाहदेव २०१३ तथा अर्कोपट्टि बीचमा गाडिएको चारकुने बुट्टाभित्र १० अङ्क, श्री भवानी दश पैसा अङ्कित।

**पाँच पैसे**

मुद्रा ५ पैसे, तौल ६० ग्रेन, धातु ताबा ९५ जस्ता ५, डायमिटर ८७५, एकापट्टि शुभराज्याभिषेक, श्री ५ को श्रीपेच, चन्द्र, सूर्य, शङ्ख, चक्र, गदा, पद्म, श्री ५ महेन्द्र वीरविक्रम शाहदेव २०१३ तथा अर्कोपट्टि बीचमा गाडिएको आठकुने बुट्टाभित्र ५, अङ्क श्री भवानी पाँच पैसा अङ्कित।

**दुई पैसे**


मुद्रा २ पैसे, तौल ४० ग्रेन, ताबा ६६ जस्ता ३४, डायमिटर ८२०, एकापट्टि शुभराज्याभिषेक, श्री ५ को श्रीपेच, चन्द्र, सूर्य, शङ्ख, चक्र, गदा, पद्म, श्री ५ महेन्द्र वीरविक्रम शाहदेव २०१३ तथा अर्कोपट्टि चारकुने बुट्टाभित्र २ अङ्क श्रीभवानी र दुई पैसा अङ्कित।


नेपाल गजेट
भाग ४

नयाँ डिजाइनको मुद्राको चलन।

**एक पैसे**

मुद्रा १ पैसे, तौल २५ ग्रेन, ताबा ६६ जस्ता ३४, डायमिटर ७२०, एकापट्टि शुभराज्याभिषेक, श्री ५ को श्रीपेच, चन्द्र, सूर्य, शङ्ख, चक्र, गदा, पद्म, श्री ५ महेन्द्र वीरविक्रम शाहदेव २०१३ तथा अर्कोपट्टि बीचमा १ अङ्क, श्रीभवानी र एक पैसा अङ्कित।


नेपाल गजेट
भाग २

नेपाली मुद्राको चलनचल्ती बढाउनका निमित्त बनेका ऐन।

**नेपाली मुद्राको चलन बढाउने ऐन, २०१४**

नेपाली मुद्राको चलनचल्ती बढाउनका निमित्त बनेको ऐन नेपाल गजेट भाग २ विसं २०१४ साउन ७ गते प्रकाशित ऐनमा

(बाँकी पाँचौं पातामा)

# द्रोण पर्व–१११

महाभारतबाट सङ्कलन तथा अनुवाद



उमाशङ्कर द्विवेदी

बडो भीषण संहार मच्चियो । रथीहरूका डफ्फा एकअर्कासित टाँसिएर लडाइँ गर्न थाले । विमुख भएर भाग्दै गरेका वीरहरूको पिठ्यूँ तथा जीउका अन्य भागमा मार पर्दथ्यो । यस प्रकारले त्यो घमासान युद्ध चलिरहेको थियो, यत्तिकैमा पूर्णरूपले सूर्योदय भयो । त्यति बेला दुवैतिरका सैनिकहरू कवच धारण गरेरै सूर्योपस्थान गरे । फेरि पूर्ववत् युद्ध हुन थाल्यो । सूर्योदयभन्दा पहिले जो जससित लड्दै थिए, उनीहरूको उनीहरूकै साथमा पुनः द्वन्द्वयुद्ध हुन थाल्यो । दुवै पक्षका योद्धा धेरै नजीकबाट टाँसिएर मुकाबिला गर्दै थिए, त्यसैले तरबार, तोमर र बन्चरोको मारबाट त्यहाँको दृश्य बडो भयानक देखियो । हात्ती र घोडाहरूको काटिएका लाशबाट रगतको खोलो बगिरहेको थियो । महाराज, त्यति बेला द्रोणाचार्य र अर्जुनबाहेक समस्त सेना विक्षिप्त, व्याकुल, भयभीत एवं आतुर भइरहेका थिए । द्रोण र अर्जुन मात्र आआफ्नो पक्षका रक्षक र आत्तिएका सैनिकहरूको आधार थिए । शत्रु पक्षका मानिसहरू तिनै दुवैको सामु आएर यमलोकको बाटो लाग्दथे । कौरव र पाञ्चालहरूका सेना अत्यन्त उद्विग्न भइसकेका थिए । एक त सम्पूर्ण सेना एकापसमा मिसिएका थिए, अर्को धूलो उडेर जम्मैलाई ढाकिदिएको हुनाले त्यस महासंहारमा कर्ण, द्रोण, अर्जुन, युधिष्ठिर, भीमसेन, नकुल–सहदेव, धृष्टद्युम्न, सात्यकि, दुश्शासन, अश्वत्थामा, दुर्योधन, शकुनि, कृप, शल्य, कृतवर्मा तथा कुनै पनि वीर एकअर्कालाई हेर्न सकिरहेका थिएनन् । पृथ्वी, आकाश वा आफ्नो शरीरलाई पनि हेर्न सकिंदैन्थ्यो । लाग्दथ्यो झमक्क रात परिसकेको छ । को कौरव हो ? को पाण्डव वा पाञ्चाल हो ? चिन्न सकिंदैन्थ्यो ।

त्यति बेला दुर्योधन र दुश्शासन नकुल–सहदेवसित भिडेका थिए । कर्ण भीमसेनसित र अर्जुन द्रोणाचार्यसित लोहा लिइरहेका थिए । यी उग्र स्वभाव भएका महारथीहरूको अलौकिक सङ्ग्राम चल्न थाल्यो । यिनीहरूले विचित्र किसिमले आफ्नो रथ सञ्चालन गर्दथे । यो युद्ध यति भयङ्कर र आश्चर्यजनक थियो कि



सबै रथी चारैतिरबाट उभिएर रमिता हेर्न थाले । माद्रीनन्दन नकुलले तपाईंको पुत्रलाई दाहिने पारेर उनीमाथि सयकडौं बाणको झरी लगाइदिए । अनि त त्यहाँ बडो कोकोहोलो मच्चियो । दुर्योधनले पनि नकुललाई दाहिनेतर्फ ल्याउने उद्योग गरिरहे तर नकुलको सामु उनको एक चलेन । नकुलले बाणवर्षाबाट पीडित गरेर उनलाई त्यहाँबाट भगाइदिए ।

अर्कोतिर क्रोधित भएका दुश्शासनले सहदेवमाथि धावा गरे । उनी आउने बित्तिकै सहदेवले एउटा भल्ल हानेर दुश्शासनको सारथिको टाउको छिनालिदिए । यो काम यति त्वरित गतिले भयो कि कुनै पनि सैनिक अथवा स्वयम् दुश्शासनले पनि चाल पाएनन् । बागडोर सम्हाल्ने सारथि नभएको हुनाले घोडाहरू स्वच्छन्द भई यताउति भाग्न थाले अनि दुश्शासनले आफ्नो सारथि मारिएको चाल पाए । उनले स्वयम् घोडाको रास सम्हाली रणभूमिमा युद्ध गर्न थाले । सहदेवले ती घोडाहरूलाई तीक्खर बाण हान्न आरम्भ गरे । बाणको मारबाट पीडित भई घोडाहरू झन् उफ्रिंदै यताउति भाग्न थाले । दुश्शासन घोडाको रास सम्हाल्ने बेलामा धनुषलाई राखिदिन्थे तथा धनुषबाट काम लिनको लागि घोडाको रास छाडिदिन्थे । यसैबीचमा मौका पाई सहदेवले उनलाई बाणबाट पीडित पारिरहे । यो हेरेर कर्ण उनको रक्षा गर्नको लागि बीचमा हाम्फाले । अनि भीमसेन पनि सावधान भए र तीनवटा भल्ल हानेर कर्णको भुजा तथा छातीमा घाउ पारी गर्जना गर्न थाले ।

कर्णले पनि तीक्खर बाण हानेर भीमसेनलाई रोकिदिए । अनि त ती दुईबीच तुमुल सङ्ग्राम हुन थाल्यो । भीमसेनले गदा हानी रथको आसन भाँचिदिए, आसन टुक्रा–टुक्रा भयो । कर्णले भीमसेनकै गदा उचालेर भीमसेनको रथमाथि हाने तर भीमसेनले अर्को गदाबाट त्यस गदालाई निरस्त पारे । अनि भीमसेनले कर्णमाथि एउटा अजङ्गको गदा हाने तर कर्णले धेरैवटा बाण हानेर त्यस गदालाई उनीतिर नै फर्काइदिए । फर्किएर त्यो गदा भीमसेनकै रथमाथि बज्रियो, त्यसको आघातबाट भीमसेनको रथको विशाल ध्वजा भाँच्चिएर खस्यो र सारथि पनि मूर्छित हुन पुगे । यसबाट भीमसेनको कोप उग्र भयो र उनले आफ्ना सायकहरूबाट कर्णको धनुष र ध्वजा काटिदिए । कर्णले पुनः नयाँ धनुष लिई तीक्खर बाण हानेर भीमसेनको घोडा, पार्श्वरक्षक तथा सारथिलाई मारिदिए । रथहीन भएपछि भीमसेन नकुलको रथमाथि गएर बसे ।

यसै प्रकार महारथी द्रोण तथा अर्जुन पनि विचित्र प्रकारले युद्ध गर्न थाले । उनीहरू सेनाको बीचमा विचित्र गतिले रथको सञ्चालन गर्दै एकअर्कालाई देब्रेतिर पार्ने प्रयत्न गरिरहेका थिए । त्यति बेला जम्मै योद्धा ती दुवैको पराक्रम हेरेर चकित परिरहेका थिए । क्रमशः ...

# आनन्दको खोजी : मनको अन्तर्यात्रा

- हरिकृष्ण बराल
(राधामाधव स्वामी)
मूर्ली बगैंचा, वीरगंज

गरीबी, अशिक्षा, लडाइँ, अशान्ति नै हाम्रो दुःखको कारण हो कि जस्तो हामीलाई लाग्दछ । भौतिकरूपले सम्पन्न र सफल व्यक्तिहरू अत्यन्तै सुखी हुन्छन् भन्ने हामीहरू मान्यता बनाउँछौं । वैज्ञानिक युगको आगमनसँगै मानिसहरू धनी भए, सुविधाभोगी पनि भए तर सुख बढ्नुको साटो झन् दुःख बढ्दै गयो । जीवन अझ जटिल हुँदै गयो । धनी तथा सुविधाभोगी मानिसहरूमा मानसिक अशान्ति, डिप्रेशन र आत्महत्याजस्ता प्रवृत्ति देखिन थाल्यो । मानिसहरूले भौतिक सफलता र मानसिक सन्तुलन बीच सामञ्जस्य कायम गर्ने कला सिक्न सकेनन् । यी दुवै नदीका दुई किनाराको रूपमा देखा परेका छन् । डिप्रेशनको प्रमुख कारण मानिसहरूको लोभ तथा कामना हो । यसको मुख्य कारण गरीबी मात्र हुँदै होइन । भौतिकरूपले सम्पन्न मानिस पनि सन्तुष्ट हुँदैनन् । उनीहरू धन भएका मानसिक गरीब हुन् । उनीहरूको जीवन अदृश्य असन्तुष्टिले भरिएको हुन्छ । उनीहरूलाई कुन चीजको कमी छ भन्ने कुरा उनीहरूलाइ नै थाहा छैन । उनीहरूले आफैंलाई चिन्दैनन् । उनीहरूले अपनत्व भुलिसकेका हुन्छन् । गरीबहरू भोलि धन कमाउँला, सुखी बनूँला भन्ने आशामा बाँचेका हुन्छन् तर सम्पन्न तथा धनी मानिसहरूमा यो आशा पनि मरिसकेको हुन्छ । मानसिक रोग डिप्रेशनको इलाज आध्यात्मले मात्र गर्न सक्छ । निरन्तर आन्तरिक साधना नै अभ्यास हो ।

हामीहरू अहिले जे छौं, त्यो पहिलेको अभ्यासले नै भएका हौं । अहिले हामीहरू जे बन्ने अभ्यास गर्नेछौं भविष्यमा त्यही बन्नेछौं । यो जन्ममा हामीहरूले राम्रो काम गऱ्यौं भने अर्को जन्ममा हामी राम्रो ठाउँमा जन्मने छौं । जबसम्म हाम्रो कुनै पनि कामना बाँकी रहन्छ तबसम्म हाम्रो जन्म भइ नै रहन्छ ।

मानिसले जबसम्म संसारमा ठूलो ठक्कर खाँदैन, तबसम्म उसलाई संसारसँग मोह हुन्छ । त्यही भएर ऊ अध्यात्ममा समर्पित भएर लाग्दैन । अरूलाई देखाउनको लागि अध्यात्ममा लागेर केही फाइदा हुँदैन । जबसम्म मानिस स्वयं आफ्नो लागि अध्यात्ममा लाग्दैन, तबसम्म उसको आन्तरिक अभ्यास शुरू हुँदैन । जसको आकाङ्क्षा छैन, जसमा आन्तरिक प्रेम प्रस्फुटित भएको छ, जसमा करुणा, मित्रता, विनम्रताजस्ता गुणहरू विद्यमान छन्, उनीहरूले मात्र मनुष्यको कल्याणको बाटो खोज्न सक्छन् । उनीहरू समाजको असली सेवक बन्न सक्छन् । उनीहरू समाज सुधारक बन्न सक्छन् । त्यस्तो व्यक्ति अरू कोही हुन सक्दैन, केवल अध्यात्मिक व्यक्ति मात्र हुन सक्छ । धार्मिक व्यक्तिले लोकप्रिय हुने आकाङ्क्षा राख्नुहुँदैन । धार्मिक व्यक्तिले जबसम्म महत्त्वाकाङ्क्षा राख्दछ, तबसम्म संसारमा धर्म–धर्म बीच समन्वय पनि हुँदैन, संसारमा शान्ति पनि हुँदैन । आत्म–अनुशासन नै सच्चा साधकको पहिचान हो । साधना नियमित होस् अनि आफू र अरूलाई हानि पुऱ्याउने चीजबाट जोगिन सकियोस् यही आत्म अनुशासन हो । प्रत्येक जीवित प्राणीले प्रेम, कोमलता र न्यानोपन खोज्छ ।

जसरी अन्न भौतिक शरीरको भोजन हो, यसले शरीरको पोषण गर्छ । त्यसरी नै प्रेम हृदयको भोजन हो, यसले हृदयको पोषण गर्छ । हामीहरू कोही पनि मर्न चाहँदैनौ । हामीहरू मर्नबाट बच्न अनेकानेक उपाय गर्छौं । भोकबाट नमर्न खाना खान्छौं, रोगबाट नमर्न औषधि खान्छौं, जाडो र गर्मीबाट नमर्न घर बनाउँछौ र थरीथरीका लुगा लगाउँछौ । कठोर श्रम गरेर पैसा कमाउँछौ । तर मृत्यु सत्य छ । हामीहरूले सबै भौतिक सम्पत्ति तथा शरीरसमेत छोडेर जानु पर्नेछ । हामीले हजारौं मानिस आफ्नै अगाडि मरेको देखेको र मरेका अनेकौं मानिसको मलामी गएर पनि आफू कहिल्यै मर्दिनँ जस्तोगरी व्यवहार गरिरहन्छौं । मृत्यु जीवनको एकमात्र सुनिश्चित गन्तव्य हो । जीवनमा मृत्युबाहेक सबै कुरा अनिश्चित छ । मृत्युबाट जति डराए पनि हामीले एक दिन मर्नैपर्छ ।
सही धर्मले कर्मभित्रै धर्मलाई समेट्छ, कर्मभित्र धर्म समेट्ने त्यही धर्मले मात्र शान्तिपूर्वक, आनन्दपूर्वक जीवन जिउने तथा आनन्दपूर्वक मर्ने कला सिकाउँछ । शान्तिपूर्वक मर्नका लागि प्रेमपूर्ण जीवनको पृष्ठभूमि चाहिन्छ । प्रेमको पृष्ठभूमिमा नै जीवन तृप्त हुन्छ र मानिस शान्तिपूर्वक मर्न सक्छ ।

भगवानलाई, धर्मलाई, साधनालाई त्यागेर यही तुच्छ संसारमा रमाउनु नै त्याग्नु हो । भगवानवाला आनन्द जस्तो ठूलो चीज लत्याएर संसारवाला, एकैछिनमा हराउने रमाइलोजस्तो सानो चीजमा भुल्नु नै त्याग हो । जसले भगवानवाला ठूलो आनन्दको भोग गर्दछ, उसले भगवानवाला आनन्द प्राप्त गर्न संसारका सामग्री उपयोग गर्दछ । हामीलाई भगवानवाला आनन्द थाहा नभएर संसारप्रति आकर्षण भएको हो । हामीले आफ्नो जीवनशैलीमा परिवर्तन गर्नु जरूरी छ । मनलाई व्यवस्थित गर्ने योभन्दा अर्को उपाय अहिलेसम्म हामीसँग छैन । हामीले हाम्रो अन्तर्व्यवस्थापन गर्न जरूरी छ । आफ्नो केन्द्रलाई व्यवस्थित गर्ने प्रभावकारी एवं सर्वोत्तम उपाय भनेकै ध्यान हो । ध्यान आजको अनिवार्य आवश्यकता हो । हाम्रो अन्तर्दृष्टिको कमीको कारण हाम्रा निर्णयहरू बाहिरी धारणाबाट प्रभावित हुन्छन् । क्रमशः

# नर्भफाइबरः वर्गीकरण, डिजेनरेशन र रिजेनरेशन

वाटिका



डा शिवशङ्कर यादव
shivshankaryadav3398@gmail.com

**फर्स्ट डिग्री अल्पकालको लागि नर्भमाथि परेको दबाब हो । यसमा नर्भमा समयका लागि ब्लड सप्लाइ बन्द भएर हाइपोक्सिया हुन्छ र केही क्षणका लागिउसको कार्य अवरुद्ध हुन्छ, जसलाई कन्डक्शन ब्लाक भनिन्छ ।**

गताङ्कमा न्युरोनको वर्गीकरण यथा युनिपोलर, बाइपोलर र मल्टिपोलर आदिको रूपमा गरिसकिएको छ । आज नर्भफाइबर अर्थात् एक्शन र डेन्डराइटको वर्गीकरण र त्यसको डिजेनरेशन र रिजेनरेशनको वर्णन गर्ने पालो छ ।

नर्भफाइबरको वर्गीकरण ५ विधिले गर्न सकिन्छ : १. संरचनाको आधारमा २. वितरणको आधारमा ३. निस्कने मूलको आधारमा ४. कार्य सम्पादनको आधारमा ५. न्युट्रान्समीटर स्त्रावको आधारमा र ६. संवेदना सञ्चारको गतिको आधारमा ।

१. यस आधारमा नर्भफाइबर दुई प्रकारको हुन्छ : माइलेनेटेड र ननमाइलेनेटेड । जसमा माइलिनसीथ हुन्छ त्यसलाई माइलेनेटेड र जसमा हुँदैन त्यसलाई ननमाइलिनेटेड भनिन्छ ।

२. यस आधारमा पनि नर्भफाइबर दुई प्रकारको हुन्छ : सोमेटिक जो हाडहरूको मांसपेशीमा जान्छ र भिसेरल जो आन्तरिक अङ्गहरूमा जान्छ जस्तै आन्द्रा र ग्लैंड आदिमा ।

३. यस आधारमा दुई प्रकार छन् : केनियल जुन ब्रेनबाट निस्किन्छ र स्पाइनल जुन मेरुदण्डबाट निस्किन्छ ।

४. यस आधारमा पनि दुई नै प्रकार छ : मोटर नर्भ जुन ब्रेनबाट निस्केर शरीरको विभिन्न अङ्गमा जान्छ र सेन्सरी, जुन शरीरका विभिन्न अङ्गबाट सन्देशलाई ब्रेनको सेन्टरमा पुऱ्याउँछ । मोटरलाई इफरेन्ट र सेन्सरीलाई एफरेन्ट नर्भ पनि भनिन्छ ।

५. यी पनि दुई प्रकारका हुन्छन् : एड्रीनर्जिक जसले नारएड्रीनलीन नामक स्त्राव निकाल्छ र कोलिनर्जिक जसले एसिटाइलकोलिन नामक न्युरोट्रान्समीटर निकाल्छ ।

६. यसलाई इर्लेन्जर र गैसर वर्गीकरण पनि भनिन्छ । । जोसेफ इर्लेन्जर र हर्बर्ट गैसरले मिलेर १९२० मा यो पत्ता लगाए कि जुन नर्भ जति मोटो हुन्छ, त्यसमा संवेदना त्यति नै बढी गतिले प्रवाहित हुन्छ । अर्थात् संवेदनाको गति नर्भको मोटाइको समानुपातिक हुन्छ । यस आधारमा नर्भ तीन प्रकारको हुन्छ : टाइप ए, टाइप बी र टाइप सी । टाइप एलाई चार प्रकारको हुन्छ । टाईप १ वा अल्फा, जसको मोटाइ १२ देखि २४ म्यु हुन्छ र संवेदना सञ्चारको गति ७० देखि १२० मिटर प्रतिसेकेन्ड हुन्छ । टाइप २ वा बिटा, जसको मोटाइ ६ देखि १२ म्यु र संवेदना सञ्चारको गति ३० देखि ७० मिटर प्रति सेकेन्ड हुन्छ । त्यस्तै टाइप ३ मा गामाको मोटाइ ५ देखि ६ म्यु र गति १५ देखि ३० मिटर प्रतिसेकेन्ड तथा डेल्टाको मोटाइ २ देखि ५ म्यु र गति १२ देखि १६ मिटर प्रतिसेकेन्ड हुन्छ । टाइप बीलाई टाइप ४ पनि भनिन्छ । टाइप सीबाहेक बाँकी सबै टाइपका नर्भ माइलिनेटेड हुन्छन् ।

अब डिजेनरेशन र रिजेनरेशनमा आउनुस् :

जब नर्भमा दबाब पर्छ, हामी साइकिलको फ्रेममा बस्दा महसुस गरेको हुनुपर्छ अथवा चोटपटक लागेपछि नर्भ च्यापिन पुग्छ अथवा केही भाग टुट्छ अथवा कुनै विषालु पदार्थ इन्जेक्ट गरिन्छ वा पूरै काटिएर दुई टुक्रा हुन्छ, तब नर्भको सेलबडी, एक्शन र डेन्डराइटमा थुप्रै चेन्ज देखिन्छ जसलाई एक साथ डिजेनरेशन वा न्युरोपैथी भनिन्छ । हर्बर्ट सेडेन र सनडरलैंडले १९५३ मा नर्भको क्षतिको गम्भीरताको आधारमा यसलाई ५ डिग्रीमा बाँडेका छन् : फर्स्ट, सेकेन्ड, थर्ड, फोर्थ र फिफ्थ डिग्री । फर्स्ट डिग्री अल्पकालको लागि नर्भमाथि परेको दबाब हो । यसमा नर्भमा समयका लागि ब्लड सप्लाइ बन्द भएर हाइपोक्सिया हुन्छ र केही क्षणका लागि उसको कार्य अवरुद्ध हुन्छ, जसलाई कन्डक्शन ब्लाक भनिन्छ । थोरै डिमाइलिनेशन पनि देखिन्छ । तर कार्य क्षमता केही दिन वा हप्तापछि फेरि फर्कन्छ । यसमा हुने परिवर्तनलाई




FIGURE 137-1: Degeneration and regeneration

न्युरोप्रेक्सिया भनिन्छ । सेकेंड डिग्री त्यति बेला देखिन्छ जब दबाब ठूलो र लामो समयको लागि हुन्छ । त्यस बेला नर्भमा वालेरियन नामक डिजेनरेशन हुन्छ जुन पछि स्पष्ट हुन्छ । तापनि यसमा इन्डोन्युरियम सुरक्षित हुन्छ र त्यसकारण १८ महीनाको लामो समय लागे पनि नर्भको काम पुनः फर्किन्छ । यस सेकेन्ड डिग्रीमा हुने परिवर्तनलाई एकसोनोट्मेसिस भनिन्छ । थर्ड डिग्रीमा इन्डोन्युरियम डैमेज हुन्छ तर इपिन्युरियम र पेरिन्युरियम जोगिएको हुन्छ । यसको पूर्ति अथवा रिजेनरेशन धेरै मन्द र अपूर्ण हुन्छ । फोर्थमा इपिन्युरियम , पेरीन्युरियम सबै नष्ट भएर नर्भको फैसिकुलस नै डैमेज हुन पुग्छ र खतरा हुन्छ । यहाँ पनि रिजेनरेशन निकै धिमा र अपूर्ण हुन्छ । फिफ्थ डिग्रीमा नर्भ पूरै काटिएर दुई भागमा बाँडिन्छ । यसमा सर्जरी द्वारा दुवै भागलाई तत्काल जोडिएन भने कुनै रिजेनरेशन हुँदैन ।

जब पेरिफेरल नर्भफाइबरमा चोट पटक लाग्छ तब उसको सेलबडीमा पनि डिजेनरेशन देखिन्छ र साथै नर्भफाइबरमा पनि । नर्भ सेलबडीमा बदलाव : चोट लागेको चार घण्टामा नै सेलबडीमा बदलाव देखिन शुरू हुन्छ । सबैभन्दा पहिले निस्सलबडी टुटेर छियाछिया हुन्छ । त्यस पछि गोल्जीबडी पनि टुट्छ । सेलबडी पानी बढी भएर फुल्छ र न्युक्लियस किनारातिर लाग्छ र कहिलेकाहीं सेल बाहिर पनि धकेलिन्छ । यदि न्युक्लियस बाहिर धकेलियो भने नर्भ पूरै मृत हुन्छ र पूर्ति असम्भव हुन्छ । नर्भ फाइबरमा बदलाव : जब नर्भ पूरै काटिन्छ तब प्रथम भाग र दोस्रो भाग दुवैमा बदलाव देखिन्छ । यही दोस्रो भागमा भएको बदलावलाई वालेरियन डिजेनरेशन भनिन्छ । अगस्टस वालरले सर्वप्रथम यसलाई १८५० मा नोटिस गरे र उनको नाममा यसलाई वालेरियन डिजेनरेशन भनियो । यसलाई अर्थोग्रेड डिजेनरेशन पनि भनिन्छ । काटिएको प्रथम भाग र सेलबडीको एक साथ हुने डिजेनरेशनलाई रेट्रोग्रेड डिजेनरेशन भनिन्छ ।

वालेरियन डिजेनरेशन : यो कुनै बिरुवाको हाँगाजस्तै हो । हाँगा जसरी बिस्तारै सुख्छ त्यस्तै यहाँ काटिएको हाँगा फुलेर टुट्छ जुन २४ घण्टाभित्र शुरू भएर केही दिनमैं छिन्नभिन्न हुन्छ । माइलिनसीथ बिस्तारै ३५ दिनमा टुटेर बोसोको थोपाको रूपमा बदलिन्छ । यी सबै वस्तुलाई खान बाहिरबाट मैक्रोफेज आइपुग्छ । तर पनि न्युरीलिमलसीथ बाँकी रहन्छ र भित्र केवल खाली स्पेस बाँचेको हुन्छ । तुरून्त स्वानसेल त्यस खाली ठाउँमा पस्छ र विभाजित भएर त्यसैको साइटोप्लाज्म अन्ततः न्युरीलिमाको साइटोप्लाज्म बन्छ । जर्मन वैज्ञानिक थियोडोर स्वानले प्रथमपटक एनिमलसेलको पत्ता लगाए र यो पनि पत्ता लगाए कि यसै सेलले नर्भसेल रिपेयरमा मुख्य भूमिका निर्वाह गर्छ । उनकै सम्मानमा यी सेललाई स्वानसेल भनियो । यी सबै बदलावमा दुई महीना लाग्छ । रेट्रोग्रेड डिजेनरेशन : कुनै रूखको हाँगा काट्नुस् । यसमा दोस्रो भाग त पूरै सुख्छ तर पहिलो भाग पनि अलिकति सुख्छ र पछि त्यहीबाट सानासाना हाँगा निस्किन्छ । ठीक यही हुन्छ काटिएको नर्भको पहिलो भागमा र यसैले दोस्रो भागलाई पनि बचाउँछ जबकि रूखको हाँगाको दोस्रो भागलाई बचाउन सकिंदैन । पहिलो भागको पहिलो नोडसम्म त डिजेनरेट हुन्छ तर त्यहाँभन्दा बढी फैलिंदैन ।

रिजेनरेशन : डिजेनरेटेड नर्भ फेरि रिजेनरेट हुन्छ, जुन चोटको चौथो दिन शुरू भएर ३० दिनमा देखिनेगरी र ८० दिनमा पूरा हुन्छ । तर यसको लागि केही शर्त छ । पहिलो यो कि काटिएको नर्भको दुवै भागको गैप ३ मिमीभन्दा बढी हुनुहुँदैन, दुवै एक लाइनमा हुनुपर्छ, र न्युरीलिमा साबुत बाँचेको हुनुपर्छ । किनकि सेन्ट्रल नर्भस सिस्टममा न्युरीलिमा हुँदैहुँदैन त्यसकारण ब्रेनको सेल एकचोटि डिजेनरेट भएपछि फेरि रिजेनरेट हुन सक्दैन । त्यस्तै न्युक्लियस पनि सेलको भित्र हुनुपर्छ । बाहिर निस्केको छ भने रिजेनरेशन असम्भव हुन्छ ।

रिजेनरेशनको स्टेज : सर्वप्रथम काटिएको प्रथम भागबाट केही सुडोपोडिया भन्ने प्रोजेक्शन निस्कन्छ जसरी काटिएको हाँगाबाट पातसहित सानासाना हाँगा निस्किन्छ । त्यसलाई न्युरोफिब्रिल वा रिजेनरेटिभ स्प्राउट्स भनिन्छ जसको सङ्ख्या १०० हुन्छ । अब ती स्प्राउट बिस्तारै दोस्रो हाँगातिर बढ्न थाल्छ । केही स्प्राउटहरू न्युरीलिमल ट्युबमा प्रवेश गर्छ र एक्सिस सिलिन्डरको निर्माण गर्छ । स्वानसेलहरूले न्युरीलिमल ट्युबको सीथ अथवा आवरण बनाई फिब्रिललाई गाइड गर्छ । स्वानसेलले नर्भग्रोथ फैक्टरको पनि निर्माण गर्छ । अनि के चाहियो ? नर्भग्रोथ फैक्टरले स्वयं नर्भग्रोथको जिम्मा लिन्छ । यति काममा तीन महीना लाग्छ । अब स्वानसेलले माइलिन सिथको पनि निर्माण शुरू गर्छ जुन बिस्तारै हुन्छ र एक वर्षको समय लिन्छ । यति भएपछि अब नर्भको मोटाइ बढ्न बाँकी रहन्छ र त्यसको प्रक्रिया शुरू हुन्छ । तर यो जति बढे पनि पहिलेभन्दा ८० प्रतिशतमा नै काम रोकिन्छ । मतलब नर्भको रिकोभरी शतप्रतिशत कहिले पनि हुँदैन । त्यसमा इन्टरनोडको दूरी पनि कम हुन्छ । उता सेलबडीमा पहिले निस्सलबडी देखिन्छ र त्यसपछि गोल्जीबडी । त्यसपछि फुलेको सेलबडीबाट पानी निस्किन्छ र न्युक्लियस पुनः केन्द्रमा स्थापित हुन्छ ।

यतिको विवरण केवल रचनात्मक रिजेनरेशनको विवरण हो फन्कशनल रिकोभरीको होइन । रिजेनरेट गरेको नर्भले पनि काम गर्न बहुत लामो समय लिन सक्छ । तर यति पनि कम हो, कि रूखको हाँगा काटिएपछि पहिलोले दोस्रो भागलाई बचाउन सक्दैन तर यहाँ पहिलोले दोस्रोलाई जीवित बनाउँछ । अस्तु !

## अन्तर्राष्ट्रिय समाचार

# आँधीबाट १६ जनाको मृत्यु, १९ जना बेपत्ता

अन्टानानारिभो, १३ माघ/सिन्हवा

माडागास्करमा आँधीबाट कम्तीमा पनि १६ जनाको ज्यान गएको शुक्रवार बताइएको छ। त्यहाँ आँधीमा परेर कम्तीमा पनि १६ जनाको ज्यान गएको र अरू १९ जना हराएका सो समाचारमा जनाइएको छ।

प्राप्त समाचार अनुसार माडागाकस्करको सेनेसो क्षेत्रमा केही दिनदेखि आँधी आएको छ। सो आँधीमा परेर बिहीवारसम्ममा १६ जनाको ज्यान गएको छ भने अरू १९ जना हराएका छन्। यहाँको प्राकृतिक प्रकोप व्यवस्थापन केन्द्रका अनुसार अहिले पनि आँधीको त्रास हुन सक्ने भन्दै सर्वसाधारणलाई सतर्कता अपनाउन भनिएको छ।


तस्वीर: सिन्हवा

सो केन्द्रले यहाँका ५५ हजारजनाभन्दा बढी नागरिक आँधीबाट प्रभावित भएका छन्। उनीहरूमध्ये २५ हजारजनाभन्दा बढीलाई घरबाट अन्यत्रै सारिएको छ भने अरू केहीलाई सतर्क रहन भनिएको छ। यहाँका अधिकारीहरूले प्रकोपमा परेर १३ हजार घरमा बाढी पसेको छ भने अरू पाँच सय घर बाढीले बगाएको बताएका छन्। रासस

# आप्रवासनलाई व्यवस्थित गर्नुपर्ने युरोपेली मन्त्रीहरूको चासो

स्टकहोम, १३ माघ/सिन्हवा

युरोपियन युनियनमा आबद्ध मन्त्रीहरूले नागरिकहरूको अवैधरूपमा हुने गरेको आप्रवासनलाई व्यवस्थित गर्नुपर्ने बताएका छन्। उनीहरूले युरोपका देशहरूमा अन्य देशबाट आएका आप्रवासीहरूको अवस्था निकै अव्यवस्थित रहेकाले यस विषयमा सोच्नुपर्ने बताएका हुन्।

स्टकहोममा भएको युरोपियन युनियनका गृह तथा न्याय मन्त्रीहरूको बैठकमा सो विषयमा छलफल भएको हो।

उनीहरूले विभिन्न समस्याका कारण अन्य देशहरूबाट युरोपियन युनियनका देशमा आप्रवासीहरू छिर्ने गरेका र उनीहरू निकै असुरक्षितरूपमा छिर्ने गरेका पनि देखिएकाले ती नागरिकको सुरक्षा तथा सुरक्षितरूपमा स्वदेश फिर्ताका लागि पहल हुनुपर्नेमा जोड दिएका हुन्।

उनीहरू युरोप छिर्ने र यी देशहरूमा शरण माग्ने गरेका र उनीहरूलाई आफ्नो देशमा फिर्ता गर्नका लागि विभिन्न खालका समस्या रहेको पनि मन्त्रीहरूले बताएका छन्।

यसका लागि युरोपका देशहरू तयार भएपनि उनीहरूलाई शरण दिने र यहाँका देशमा बसोबासका लागि आवश्यक मात्रामा सहयोग गर्ने काम निकै नै चुनौतीपूर्ण देखिएको ती मन्त्रीहरूको निष्कर्ष थियो।

सो बैठकमा ती नागरिकहरूमध्ये धेरैजसो शरणार्थीका रूपमा युरोपेली देशहरूमा प्रवेश गर्ने गरेकाले उनीहरूका सम्बन्धित देशका साथै युरोपका सबै देशले आपसमा समन्वय गर्नुपर्ने पनि सो बैठकमा सहमति भएको थियो।

पछिल्ला वर्षहरू तेस्रो देशमा जारी विभिन्न समस्या एवं युद्धका कारण शरणार्थीका रूपमा युरोप छिर्ने व्यक्तिहरूको सङ्ख्या बढ्दै गएको देखिएको छ। रासस

### महाकवि ...

दृष्टिप्रकाशले मलाई प्रकाशित गरिरहनुभएको छ।

मलाई दाहिनेतिर आफ्नो छेउमा राख्नुभयो। अनि भाषा र साहित्यका बारेमा थप धेरै कुराकानी निकै सौहार्दपूर्ण वातावरणमा भयो। उहाँले हामी सबैलाई एक/एक प्रति रामायण उपहार दिनुभयो। मैले थप चार प्रति रामायण किनें। यो बज्जिका रामायण थियो।

यसपछि पनि तीनपटक उहाँसित भेट गर्न उहाँको घर मुजफ्फरपुरस्थित आमगोलाको पडावपोखर लेन ३ मा भेट्न पुगेको छु। एकचोटि पुग्दा किशुनदयाल यादवलाई किशुनदयाल यादव श्रीकृष्ण र अर्कोचोटि पुग्दा उहाँले नै किशुनदयाल श्रीकृष्ण बनाउनुभएको हो। मेरो नामलाई उहाँले बडो हृदयले स्वीकार गर्नुभएको हो। मलाई सञ्जय साह मित्रभन्दा बढी उहाँले मित्र सम्बोधन गर्नुहुन्थ्यो। उहाँको मित्रको सम्बोधनमा मलाई अप्ठ्यारो वा गर्वानुभूति के हुन्थ्यो म बुझ्न असमर्थ हुन्थें।

अन्तिम दर्शन १४ अक्टुबर २०२२ मा भएको हो। उहाँको मस्तिष्कको आकाशमा विस्मृतिको बादलले अलिक बाक्लो उपस्थिति जमाइसकेको थियो। यसपटक शरीर निकै जीर्ण भइसकेको पाएको थिएँ। हरेक वर्ष उहाँको जन्म दिवसको अवसर पारेर १४ अक्टुबरका दिन बज्जिका दिवस मनाउन थालिएको छ र यसपटक उहाँको उपस्थितिमा उहाँको जीवनकालको अन्तिम बज्जिका दिवस मनाउने काम भयो। संयोग नै भन्नुपर्छ उहाँको अन्तिम जन्मदिवसको समयमा नेपालबाट पनि उल्लेख्य सहभागिता रह्यो।

नेपालमा बज्जिकाका विशिष्ट अभियन्ता शिवचन्द्र साह, स्वनामधन्य विन्दा साहनी, बज्जिका सम्राट उपाधिले विभूषित किशुनदयाल श्रीकृष्ण, अत्यन्त विचारवान् कवि मनमोहन सिंह मनोहर तथा बज्जिकासेवी जियालाल राय यादव सहभागी थियौं। रौतहट र सर्लाहीका साहित्यकारहरूको उपस्थितिमा मलाई सोही दिन महाकवि अवधेश्वर अरुण सम्मान २०२२ ले सम्मानित गरिएको थियो। यस सम्मानबाट नेपालमा सम्मानित हुने म पहिलो व्यक्ति हुन पुगें भने मेरो जीवनको पनि पहिलो अन्तर्राष्ट्रिय सम्मान बन्न पुगेको थियो।

डा अरुणको अगाडि उभिएर मैले भाषण गर्ने अवसर दोस्रोपटक पाएको थिएँ, यस कार्यक्रममा। पहिलो भाषण त दरभङ्गामा नै गरेको थिएँ, जसबाट उहाँ निकै प्रभावित हुनुभएको थियो र दोस्रो भाषण चाहिं उहाँको उपस्थितिको सम्भवतः अन्तिम औपचारिक कार्यक्रममा उहाँकै घरमा सम्मानित हुँदाको भाषण हो। पहिलो भाषणमा उत्साहित थिएँ र दोस्रो भाषणमा भावुक थिएँ। जसको अनुहार मेरो नाम सुनेरै प्रफुल्लित हुन्थ्यो, उहीं महाकविले मलाई पहिले चिन्न सक्नुभएन। जसले रामको वाणी बोले, उहाँले आफ्नै वाणीलाई राम्ररी प्रकट गरिरहनुभएको थिएन वा सकिरहनुभएको थिएन। जसले अनेक ग्रन्थ लेख्नुभयो, अनेक सम्पादन गर्नुभयो, उहाँको हातले कलम समातिरहेको थिएन, लेख्न सकिरहेको थिएन। चिन्न त चिन्नुभयो तर आँखा र अनुहारले। वाणीले अब के बोल्दै हुनुहुन्छ भन्ने कुरो ठम्याउन उहाँकै घरका कोही व्यक्तिले मात्र बुझ्न सक्ने अवस्थामा पुग्नुभएको थियो।

उहाँले स्नेहले मेरो ढाडमा धाप दिन खोज्नुभयो, मैले सोही हातलाई आफ्नो शिरमा आशीर्वादका लागि पनि ल्याउने प्रयास गरें। यही आशीर्वाद उहाँको अन्तिम रह्यो मेरोलागि।

मेरो प्रयास हुन्थ्यो कि म हरेक वर्ष दशैंको महानवमी वा विजयादशमीको दिन फोन गरूँ। धेरै वर्ष मैले फोनमा पनि संवाद गरेको छु, विशेषगरी उहाँको जन्मदिवसकै अवसर पारेर।

उहाँले बज्जिका साहित्य र भाषामा दिनुभएको योगदानको कसैसित तुलना गर्न नै सकिंदैन। ममाथि पनि उहाँको ठूलो प्रभाव छ। मेरो हृदयमा उहाँप्रति ठूलो सम्मान छ।

उहाँको महाप्रस्थानले यस्तो लागिरहेको छ, म अहिले रित्तो भएको छु र बज्जिका साहित्यको आकाशमा भयावह रिक्तताको बादलले साम्राज्य जमाएको छ। उहाँको अभाव कसैले पूरा गर्न सक्दैन।

### बन्द गरिएको ...

हाराहारीमा क्रसर उद्योगहरू बन्द भइसकेका छन्।

प्रथम राष्ट्रपति रामवरण यादवको पालामा राष्ट्रपति चुरे-तराई/मधेस संरक्षण विकास समिति गठन गरी चुरेदेखि एक किलोमिटरभित्र रहेका क्रसर उद्योगहरू बन्द गर्ने निर्णय भएको थियो। यो निर्णयपछि चुरेको फेद र आसपासका बारा, सर्लाही, महोत्तरी, धनुषा, नवलपरासी, रूपन्देही, कैलालीलगायतका क्रसर उद्योगहरू बन्द भएका थिए।

क्रसर उद्योगका कारण देशभरका साना/ठूला नदीहरूमा जथाभावी नदीजन्य पदार्थको उत्खनन, दोहन भइरहेको छ। पछिल्लो समय स्थानीय निकायले ठेक्का बन्दोबस्तीका नाउँमा दादागिरी शैलीमा मापदण्डविपरीत उत्खनन गर्दा चुरेको संरक्षित क्षेत्र प्रभावित भएको भन्दै कडा विरोध हुँदै आएको छ।

स्थानीय निकायहरूले ठेक्काको नाउँमा एक्साभेटर प्रयोगलाई रोक्नुपर्ने वातावरणविद्हरूले बताउँदै आएका छन्। नदीजन्य पदार्थ उत्खननमा मेशिन प्रयोगले स्थानीय मजदूरहरूको दैनिकीमा समेत असर गरेको छ।

देशभरमा करीब पाँच सयवटा क्रसर तथा बालुवा प्रशोधन उद्योग सञ्चालनमा रहेको महासङ्घले जनाएको छ।


**रानीघाट-पोखरिया बस समिति**

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसो: ३:४० बजे


# एकै ठाउँमा दुईपटक शिलान्यास

प्रस, रौतहट, १३ माघ/

पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले गौरमा स्मारक तथा घण्टाघरको शिलान्यास गरेका छन्। स्मारक तथा घण्टाघरको शिलान्यास गर्दै पूर्वप्रम नेपालले भौतिक पूर्वाधारको विकासमा गौरले फड्को मार्न थालेको बताए। ९५ लाख रुपैयाँको लागतमा गौर नपाको विपी चोकमा निर्माण हुने स्मारक तथा घण्टाघरको बिहीवार शिलान्यास भएको हो। नगरस्तरीय योजना अन्तर्गत निर्माण हुने स्मारक तथा घण्टाघर ऐतिहासिक हुने नगरप्रमुख शम्भु साहले बताए। विपी कोइरालाको स्मारक भएको ठाउँमा निर्माण भइरहेको स्मारक तथा घण्टाघरको चारैतर्फ देशको लागि योगदान पुऱ्याउने शहीदहरूको प्रतिमा राखिने योजना रहेको छ।


तस्वीर: प्रतीक

यसअघि, गौर नगरपालिकाका पूर्वप्रमुख अजयकुमार गुप्ताले नगरपालिकाको एक करोड रुपैयाँको लागतमा विपी चोकमा निर्माण हुने स्मारकको शिलान्यास गरेका थिए। त्यतिखेर दुई वर्षभित्र ४० लाख रुपैयाँको लागतमा निर्माण कार्य सम्पन्न गर्नेगरी ठेक्काको कार्य नेपाली काङ्ग्रेसका कार्यकर्ताहरूको अवरोधका कारण सम्पन्न हुन सकेन। नेका, रौतहटले विपी स्मारक हटाउन नदिएको कारण स्मारकको निर्माण कार्य हुन सकेको थिएन। अहिले सोही विपी पार्कमा पूर्वप्रम नेपालले स्मारक र घण्टाघर निर्माण गर्न शिलान्यास गरेका हुन्।

हिजोको शिलान्यास कार्यक्रममा नेकाबाट विजयी प्रदेशसभा सदस्य र नेकाका नेताहरूलाई सहभागी गराइएको थियो। तर पहिले विपी स्मारकमा नेकाका कार्यकर्ताहरूले अवरोध गर्ने हुन् कि कार्य गर्न दिने हुन् त्यसको टुङ्गो लागिसकेको छैन।

### सर्वोच्चको फैसला ...

हुन अनिवार्य रहेको र सो तथ्य रीतपूर्वक क्रियाशील रहेको नागरिकताको प्रमाणपत्रबाट मात्र पुष्टि हुने देखिएको फैसलामा उल्लेख छ।

अधिवक्ता रविराज बसौला, युवराज पौडेललगायतले राष्ट्रिय स्वतन्त्र पार्टीका सभापतिसमेत रहेका उपप्रधानमन्त्री लामिछाने प्रतिनिधिसभा सदस्यमा निर्वाचित सांसदको योग्यताबारे प्रश्न उठाउँदै रिट निवेदन दायर गरेका थिए। नेपाली नागरिकता नलिई राजनीतिक दल खोलेको, प्रतिनिधिसभा निर्वाचनमा प्रतिस्पर्धा गरी सांसद बनेको उल्लेख गर्दै उपप्रधानमन्त्री लामिछानेको सांसद पद खारेजको माग रिट निवेदनमा दायर गरेका थिए।

उक्त रिटको सुनुवाइपछि अदालतको फैसलापछि लामिछानेको दुवै पद गएको छ।

### स्वास्थ्यकर्मी ...

व्यय गर्न पत्राचार गरिएको जानकारी गराएका छन्।

सेवा ठप्प भएका छन्। चीसो भएकोले बिरामी सङ्ख्या पातलिएको हुँदा असर परेको छैन। तर स्थानीय सेवाग्राहीले



तस्वीर: प्रतीक

यसैबीच, १३ जना स्वास्थ्यकर्मी निष्कासित भएपछि पर्सागढी नपाका चारवटा आधारभूत स्वास्थ्य सेवा केन्द्रका भने स्वास्थ्य केन्द्र बन्द हुँदा अन्यत्र गएर सेवा लिनुपरेको भन्दै अविलम्ब समस्या समाधान गर्न आग्रह गरेका छन्।

### नेपाली मुद्राबारे ...

निम्न विषयहरू उल्लेख गरिएको पाइन्छ।

एकै मुद्राको आधारमा देशको आर्थिक व्यवस्थालाई सुदृढ र सन्तुलित पार्नको निमित्त नेपाल र मुलुकमा नेपाली मुद्राको चलनचल्ती बढाउन आवश्यक भएकोले श्री ५ महाराजाधिराजबाट मन्त्रिमण्डलको सल्लाह अनुसार यो ऐन बनाइ जारी गरिबक्सेको छ।

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः** (१) यस ऐनको नाम- नेपाली मुद्राको चलनचल्ती बढाउने ऐन, २०१४ रहेको छ। (२) यो ऐन सरकारले नेपाल गजेटमा सूचना प्रकाशित गरी तोकेको क्षेत्रमा तोकेको मितिदेखि लागू हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा- (क) 'नेपाली मुद्रा' भन्नाले सरकारले वा राष्ट्र बैंकले निष्कासन गरेको नोट र सरकारले निष्कासन गरेको मोहर, रुपैयाँ, रेचकी र पैसालाई जनाउँछ। (ख) 'विदेशी मुद्रा भन्नाले नेपाली मुद्राबाहेक अरू मुद्रा सम्झनुपर्छ।

**३. मोल वा फी ज्याला इत्यादि रकम नेपाली मुद्रामा दिन सकिनेः** यो ऐन लागू भएको क्षेत्रमा कसैले कसैसँग मालसामानको खरीद-बिक्रीमा मोलबापत कुनै रकम दिनुपर्दा वा कसैले कसैलाई कुनै काम कुराको निमित्त फी, ज्याला, मजदूरी, भाडा वा यस्तै अरू रकम दिनुपर्दा नेपाली मुद्रामा दिन ल्याएमा वा त्यस्तो कुनै रकम विदेशी मुद्रामा निर्धारित भएको भए तापनि त्यस्तो भुक्तानी दिनुपर्दा सो भुक्तानी गर्ने दिनमा नेपाल राष्ट्र बैंकमा चलेको सटही दरमा नेपाली मुद्रामा दिन ल्याएमा बुझिलिनुपर्नेछ। तर सरकारसँगको लेनदेन र व्यवहारमा यो दफा लागू हुनेछैन।

**४.** विदेशी मुद्रामा भएको लेनदेनको रकम तत्काल यो ऐन लागू रहेको क्षेत्रमा बुझाउनुपर्दा सो बुझाउन ल्याएको दिनमा राष्ट्र बैंकमा चलेको दरमा नेपाली मुद्रामा बुझाउन ल्याएमा बुझिलिनुपर्नेछ।

**५. बचाउः** सरकार र सरकारद्वारा अधिकृत व्यक्ति वा संस्था र व्यवहारमा माथिका ३ र ४ दफा लागू हुनेछैन।

**६. दण्ड सजायः** कसैले दफा ३ वा ४ बमोजिम बुझाउन ल्याएको बुझिनलिएमा निजलाई रु एक सयदेखि रु एक हजारसम्म जरिवाना हुनेछ।

**७. नियम बनाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वित गर्न सरकारले नियम बनाउन सक्नेछ।


**पारदर्शी बनौं,**
**भ्रष्टाचार रोकौं।**
वीरगंज महानगरपालिका कार्यालय


## काङ्ग्रेस नेता रसीद रहेनन्

प्रस, वीरगंज, १३ माघ/

नेपाली काङ्ग्रेस, पर्साका नेता वीरगंज-१२ मुर्ली निवासी ५३ वर्षीय रसीद अन्सारीको मस्तिष्कघातबाट शुक्रवार निधन भएको छ। माघ ९ गते साँझ ५ बजे उनलाई मस्तिष्कघात भएपछि वयोधा अस्पतालमा भर्ना गरिएको थियो र आज उपचारको क्रममा निधन भएको पारिवारिक स्रोतले जनाएको छ।

## नागरिकता किर्तेमा फरार नेक महमद पक्राउ

प्रस, रौतहट, १३ माघ/

बौधीमाई नगरपालिका-७ निवासी ६० वर्षीय नेक महमदलाई प्रहरीले पक्राउ गरेको छ। नागरिकता किर्ते मुद्दामा रौतहट जिल्ला अदालतबाट सजाय भएपछि उनी फरार भएका थिए। उनलाई बुधवार दिउँसो बङ्कुल बजारबाट पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय, रौतहटले जनाएको छ।

### रौतहट प्रहरीद्वारा ...

मदिराभट्टी तोडफोड गरी पाँच हजार ५८५ लिटर मदिरा र ६४० लिटर कच्चा पदार्थ नष्ट गरिएको छ भने एकजनालाई पक्राउ गरिएको जिप्रका, रौतहटले जनाएको छ।

आव २०७९/८० मा २९७ क्यूफिट काठसहित दुईजना मानिस, नौवटा साइकल, एउटा मोटरसाइकल गरी ८३ लाख ६४ हजार मूल्य बराबरको काठ बरामदबाट भएको छ।

समुदाय-प्रहरी साझेदारी कार्यक्रमबाट आठ हजार ३८५ लाभान्वित भएको जिप्रका, रौतहटले जनाएको छ।

**आजको राशिफल**

| | |
|---|---|
| मेष – भाग्योदय | वृष – बेचैनी |
| मिथुन – मनोरञ्जन | कर्कट – कर्मप्राप्ति |
| सिंह – प्रगति | कन्या – वादविवाद |
| तुला – यात्रालाभ | वृश्चिक – शत्रुपराजय |
| धनु – सुसमाचार | मकर – भयचिन्ता |
| कुम्भ – विजय | मीन – धनलाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# पुण्यतिथिमा श्रद्धाञ्जलि, दीप प्रज्वलन




प्रस, वीरगंज, १३ माघ/

माघ १ गते पोखरामा भएको यती एयरलाइन्सको विमान दुर्घटनामा परी मृत्यु भएका पोखराका पत्रकार त्रिभुवन पौडेल र अनिल शाहीको स्मृतिमा प्रेस सेन्टर, पर्साले श्रद्धाञ्जलि सभा र नेपाल पत्रकार महासङ्घ पर्साले दीप प्रज्वलन गरी शोक मनाएको छ ।

१३औं दिनको पुण्यतिथिमा प्रेस सेन्टर नेपाल जिल्ला समन्वय समिति, पर्साले नेपाल पत्रकार महासङ्घ, पर्साको सभाहलमा श्रद्धाञ्जलि सभा आयोजना गरेको थियो भने नेपाल पत्रकार महासङ्घ, पर्साले घण्टाघरमा दीप प्रज्वलन गरी शोक मनाएको हो । प्रेस सेन्टर नेपालले आयोजना गरेको श्रद्धाञ्जलिसभामा शोक मन्तव्य व्यक्त गर्नेहरूले पत्रकारद्वय पौडेल र शाहीको निधनले पत्रकारिता क्षेत्रमा अपुरणीय क्षति पुगेको बताए ।

प्रेस सेन्टर नेपाल, पर्साका अध्यक्ष दीपक गौतमको अध्यक्षतामा भएको श्रद्धाञ्जलिसभामा नेपाल पत्रकार महासङ्घका सचिव दीपेन्द्र चौहान, केन्द्रीय सदस्य केसी लामिछाने, पर्सा शाखाका अध्यक्ष अनुप तिवारी, प्रेस सेन्टर नेपालका उपाध्यक्ष गोविन्द देवकोटालगायतले पत्रकारिताजगत्मा त्रिभुवन र अनिलले पुऱ्याएको योगदानको चर्चा गर्दै शोक मन्तव्य व्यक्त गरेको प्रेस सेन्टर नेपालका केन्द्रीय सदस्य नीरज पिठाकोटे मगरले बताए ।

यसैगरी, नेपाल पत्रकार महासङ्घ पर्साले घण्टाघरमा दीप प्रज्वलन गरेको थियो । कार्यक्रम शाखा अध्यक्ष अनुप तिवारीको अध्यक्षतामा भएको थियो भने महासङ्घका सचिव दीपेन्द्र चौहान, केन्द्रीय सदस्य केसी लामिछानेले शोक मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रमको सहजीकरण उपाध्यक्ष युवराज खड्काले गरेका थिए ।

# खेलकूदको संसार

## अन्तर्राष्ट्रिय टेनिस प्रतियोगिता हुने

काठमाडौं, १३ माघ/रासस

नेपाल टेनिस सङ्घको आयोजनामा जे-६० काठमाडौं आइटिएफ जुनियर टेनिस च्याम्पियनशिप अन्तर्गत सर्किट-१ प्रतियोगिता यही माघ १६ गतेदेखि हुने भएको छ ।

यू-१८ उमेर समूहको प्रतियोगितामा ब्वाइजतर्फ आठ तथा गर्ल्सतर्फ सात राष्ट्रको सहभागिता रहने आयोजक सङ्घका सदस्यसमेत रहेका प्रतियोगिता निर्देशक अजय विष्टले जानकारी दिए ।

ब्वाइज र गर्ल्स दुवैमा समान ६४-६४ खेलाडी रहेकाले दुवै समूहमा समान ३२-३२ खेलाडीको 'मेन ड्र'का लागि शनिवार र आइतवार छनोट खेल खेलाइनेछ ।

छनोटको ब्वाइजमा नेपालबाट नौ, भियतनाम, चाइनिज ताइपेइ, चीन र दक्षिण कोरियाबाट समान तीन/तीन, अमेरिका र हङकङबाट समान दुई/दुई तथा भारतबाट ३९ खेलाडीले प्रतिस्पर्धा गर्नेछन् ।

गर्ल्समा नेपालबाट नौ, हङकङ, बेल्जियम, रूस र थाइल्यान्डबाट एक/एक, मङ्गोलियाबाट दुई र भारतबाट ४९ खेलाडी सहभागी हुनेछन् । प्रतियोगिताको खेल सातदोबाटोस्थित टेनिस कम्प्लेक्समा हुनेछ । प्रतियोगिता सञ्चालन गर्न करीब रु १२ लाख खर्च हुने आयोजकले जनाएको छ ।

# रौतहट प्रहरीद्वारा पुस मसान्तसम्म २१४ वटा मुद्दा फछ्र्योट

प्रस, रौतहट, १३ माघ/

जिल्ला प्रहरी कार्यालय, रौतहटले साउन १ देखि पुस मसान्तसम्म ३७१ वटा मुद्दा दर्ता गरेकामा २१४ वटा मुद्दा फछ्र्योट भएको जनाएको छ ।

जिप्रका, रौतहटले अर्धवार्षिक कार्यप्रगति विवरण सार्वजनिक गर्दै १५७ मुद्दा फछ्र्योट हुन बाँकी रहेको जनाएको छ ।

यसैगरी, आव २०७७/७८ मा ७०१ वटा मुद्दा दर्ता भएकामा ४७७ वटा फछ्र्योट भई २२४ वटा बाँकी रहेको जनाएको छ । आव २०७८/७९ मा ७४८ मुद्दा दर्ता भएकामा ४०३ वटा फछ्र्योट भई ३४५ वटा बाँकी रहेको जनाएको छ ।

आव २०७९/८० मा १३ जना भन्सार चोरी निकासीमा पक्राउ परेका छन् भने उनीहरूबाट दुई करोड २० लाख १८ हजार ८५६ राजस्व सङ्कलन भएको छ । त्यस्तै, सोही मुद्दामा आव २०७७/७८ मा ६३ जना मानिस पक्राउ परेकामा रु चार करोड ३८ लाख आठ हजार ७५० र आव २०७८/७९ मा सोही मुद्दामा २५ जना पक्राउ परेकामा दुई करोड ३३ हजार ४६८ राजस्व सङ्कलन भएको जनाएको छ ।

त्यसैगरी, स्रोत नखुलेको रकमसहित आव २०७९/८० मा छजना पक्राउ परेको र उनीहरूबाट रु २३ लाख २८ हजार बरामद भएको छ । आव २०७७/७८ मा एक करोड १७ लाख छ हजारसहित १० जना र आव २०७८/७९ मा २४ लाख ६१ हजारसहित १० जना पक्राउ परेको जिप्रका, रौतहटले जनाएको छ ।

यसैगरी, आव २०७९/८० मा एक लाख ३४ हजार नेपाली नोटसहित २१ जना र आव २०७८/८९ मा २४ लाख ६१ हजार नक्कली नोटसहित १० जनालाई पक्राउ गरिएको जिप्रका, रौतहटले जनाएको छ ।

आव २०७९/८० मा १६ हजार ८४४ सवारीसाधनलाई कारबाई गरी एक करोड ३० लाख २६ हजार ५०० राजस्व सङ्कलन भएको छ । त्यस्तै, आव २०७८/७९ मा १९ हजार ६०० सवारीसाधनलाई कारबाई गरी एक करोड ७८ लाख ७० हजार ५०० राजस्व सङ्कलन भएको जिप्रका, रौतहटले जनाएको छ ।

यसैगरी, आव २०७९/८० मा एक थान भरुवा बन्दुक र एक थान कट्टुवा पेस्तोलसहित दुईजनालाई पक्राउ गरिएको छ भने आव २०७७/७८ मा तीन थान पेस्तोल र एक थान गोलीसहित तीनजनालाई पक्राउ गरिएको छ । आव २०७८/७९ मा ११ जनालाई पक्राउ गरी एक थान भरुवा बन्दुक, तीन थान कट्टुवा बन्दुक, एक थान एकनाले बन्दुक, एक थान सिक्सर र पाँच थान गोली बरामद गरेको जिप्रका, रौतहटले जनाएको छ ।

आव २०७९/८० मा लागूऔषध मुद्दा १४ जनामाथि दर्ता भएको छ भने आव २०७७/७८ मा ३४ जना र २०७८/७९ मा ३३ जनामाथि सो मुद्दा दर्ता भएको जनाएको छ ।

तीन आवमा बालक १८, बालिका ५९, महिला ७५, पुरुष १६, ज्येष्ठ नागरिक एकजना गरी १६९ जना हराएको तथ्याङ्कमा उल्लेख छ । सोही अवधिमा बालक पाँच, बालिका २८, महिला १७, पुरुष चार गरी ५४ जना फेला परेका छन् भने ११४ जना हालसम्म फेला नपरेको जनाइएको छ ।

आव २०७९/८० मा तीनवटा अवैध

(बाँकी पाँचौं पातामा)

# 'एक ऐसा परवरिश'को शुभमुहूर्त




प्रस, परवानीपुर, १३ माघ/

वीरगंजमा निर्माण भइरहेको अर्को भोजपुरी चलचित्रको शुभमुहूर्त भएको छ । वसन्त पञ्चमीको अवसरमा गढीमाई मन्दिरमा पूजापाठ गरी 'एक ऐसा परवरिश' चलचित्रको शुभमुहूर्त गरिएको हो ।

शिवम् आर फिल्मको ब्यानरमा निर्माण भइरहेको चलचित्रका निर्माता शिवप्रसाद कुर्मी, निर्देशक सुनील तिवारी, कलाकारहरू दशरथ दिवाना, सोम्या पोखरेल, रेखा सिंह, ज्ञानेन्द्र यादवलगायत बारा/पर्साका स्थानीय कलाकारहरू रहेका छन् ।

रु ४० लाखको लागतमा निर्माण भइरहेको चलचित्र आगामी छ महीनाभित्र सिनेमाघरमा प्रदर्शन गरिने फिल्म युनिटले जनाएको छ । चलचित्रमा भोजपुरी चर्चित गायकगायिकाहरूको स्वर रहने बताइएको छ ।

## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| १. | मधेस जनविद्रोह समिति | विविध कार्यक्रम | परवानीपुर गापा-५ | १०:०० |


## आगो वा हिटर प्रयोगमा होशियारी अपनाऔं ।

- झ्याल, ढोका थुनेर आगो वा हिटर नबालौं,
- सुत्ने बेला बालेको आगो वा हिटर निभाऔं,
- आगो वा हिटर बालबालिकाको पहुँचभन्दा पर राखौं,
- हावाको उचित ओहोरदोहोर हुनेगरी मात्र आगो वा हिटर बालौं,
- सकेसम्म बाथरूममा ग्याँस गिजरको प्रयोग नगरौ । गर्नै परेमा भेन्टिलेसन खुला राखौं ।
- झ्यालढोका थुनेर आगो वा हिटर प्रयोग गर्दा अक्सिजनको कमी हुन गई ज्यान जान सक्छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड







# बन्द गरिएका क्रसर र बालुवा प्रशोधन उद्योग असार मसान्तसम्म खुला

## मापदण्डलाई पुनर्विचार गर्न सरकारसँग क्रसर व्यवसायी महासङ्घको आग्रह

प्रस, निजगढ, १४ माघ/

नेपाल सरकार मन्त्रिपरिषद्को माघ ११ गते बुधवार बसेको बैठकले देशभर बन्द गरिएका क्रसर उद्योगहरूलाई आगामी असार मसान्तसम्म सञ्चालन गर्न दिने निर्णय गरेको छ ।

गृहमन्त्री रवि लामिछानेका सञ्चार संयोजक नवराज पाण्डेले विज्ञप्ति जारी गरी क्रसर उद्योगहरूलाई मापदण्ड पूरा गर्न आगामी असार मसान्तसम्मको समयसीमा दिइएको जनाएका छन् ।

गृह मन्त्रालयले गत पुस २० गते देशभर रहेका अवैधानिक क्रसर उद्योगहरू बन्द गर्न जिल्ला प्रशासन कार्यालयहरूलाई पत्राचार गरेपछि क्रसर उद्योग बन्द गर्न लगाइएको थियो भने उद्योगमा रहेका मौज्दात रोडा, गिट्टी, बालुवा बिक्रीमा रोक लगाएको थियो । क्रसर उद्योग बन्द गरिएपछि रहेका मौज्दात बिक्रीमा रोक लगाइएपछि नदीजन्य पदार्थको अभाव भएर हाहाकार मच्चिएको थियो ।

अवैधानिक क्रसर तथा बालुवा प्रशोधन उद्योग बन्द गर्ने नाउँमा सरकारले क्रसर उद्योगहरूमा प्रशोधित मौज्दात रोडा, गिट्टी, बालुवासमेत बिक्रीमा रोक लगाएपछि निर्माणाधीन घर, भवन, सडकलगायत विकासका पूर्वाधारमा असर परेको थियो । गृह मन्त्रालयले देशभरका अवैधानिक क्रसर र बालुवा प्रशोधन उद्योगहरू बन्द गर्न जिल्ला प्रशासन कार्यालयहरूलाई निर्देशनात्मक पत्राचार गरेपछि देशभरका सयौं क्रसर उद्योग र अवैधानिक बालुवा प्रशोधन उद्योगहरू बन्द भएका थिए । निर्माण कार्य ठप्प भएपछि देशभरका लाखौं श्रमिक, मजदूरहरूको दैनिकी ठप्प भएको थियो ।



बारा जिल्लाको क्रसर उद्योग अनुगमन समितिले घरेलु दर्ता प्रमाणपत्र, नवीकरणको अवस्था, स्वीकृत आइइई प्रतिवेदन, खरीद-बिक्री बिल, करचुक्ता प्रमाणपत्र, प्यान वा भ्याट दर्ता प्रमाणपत्र र उद्योग परिसर वा उद्योगले सङ्कलन गरी राखेका नदीजन्य पदार्थको मौज्दात विवरणसमेत उद्योगीहरूसँग माग गरेको थियो ।

वनक्षेत्र, आरक्ष, निकुञ्जदेखि दुई किलोमिटरभित्र पर्ने, स्थानीय सुरक्षा निकाय, शैक्षिक सङ्घसंस्थादेखि एक किलोमिटरभित्रका क्रसरलाई तीन वर्षभित्र बन्द वा स्थानान्तरण गर्नुपर्ने २०६७ चैत ६ गते सर्वोच्च अदालतद्वारा गठित अनुमगन समितिले मापदण्ड निर्धारण गरेको थियो । त्यसपछि चारपटक ६/६ महीना र पछि एक वर्ष म्याद थप गरेको थियो । २०७३ सालयता सरकार फेरिएसँगै बन्द गर्ने र खोल्ने मुसो-बिरालोको खेल हुँदै आइरहेको थियो । जसले गर्दा क्रसर उद्योगहरू यथास्थानमा निर्बाध सञ्चालनमा थिए ।

अघिल्लोपटक सरकारले तोकिदिएको मापदण्ड प्रत्येक जिल्लामा एकाधबाहेकले पालना गर्न नै नसक्ने गरी तयार गरिएकाले त्यसको पुनर्विचार गर्न पटकपटक सरकारलाई आग्रह गर्दै आइरहेको नेपाल क्रसर तथा खानी उद्योग व्यवसायी महासङ्घका केन्द्रीय अध्यक्ष सीताराम न्यौपानेले बताए ।

राज्यबाट क्रसर उद्योगहरू सञ्चालनका लागि अनुमति पाई सञ्चालनमा आइसकेपछि ल्याइएको क्रसरसम्बन्धी मापदण्ड क्रसर व्यवसायीहरूलाई विस्थापित गर्ने उद्देश्यका साथ आएको उनको आरोप छ । जारी मापदण्डभित्र रहेर उद्योग सञ्चालन गर्न सक्ने अवस्था नहुने भन्दै यसतर्फ सरकारले पुनर्विचार गरी मापदण्ड सच्याउनुपर्ने अध्यक्ष न्यौपानेले बताए ।

सरकारले दश वर्षअघि मापदण्डविपरीत सञ्चालित क्रसर उद्योगहरू स्थानान्तरण वा बन्द गर्नुपर्ने भन्दै तीन वर्षका लागि दिइएको समयसीमाका बेला सरकारका विभिन्न मन्त्रालयहरूद्वारा गठित खानी पहिचान अनुगमन समितिले ९२ वटा खानी पहिचान गरे तापनि दुईवटा स्थान पनि सरकारले दिन नसकेको महासङ्घको आरोप छ ।

राष्ट्रिय गौरवका आयोजनादेखि साना/ठूला विकास आयोजनाहरूमा नदीजन्य पदार्थ आवश्यक रहने हुनाले व्यवसायीलाई गरिखान पाउनुपर्ने वातावरण सरकारले निर्माण गरी दिनुपर्ने क्रसर तथा बालुवा प्रशोधन उद्योगीहरू बताउँछन् ।

राज्यले अनुमति दियो, तर नवीकरण गरिदिएन । राज्यले तयार गरिदिएको मापदण्डमा नबस्ने हिजो पनि भनेनौं, आज पनि भनेका छैनौं र भोलि पनि भन्दैनौं । तर व्यवसाय गरेर बाँच्न दिने वातावरण राज्यले बनाइदिनुपर्ने क्रसर तथा बालुवा उद्योग व्यवसायीहरूको भनाइ छ ।

सरकारको अपारदर्शी नीति र सरकार परिवर्तनसँगै क्रसर उद्योग बन्द गराउँदा देशभरमा करीब दुई सयको

(बाँकी पाँचौं पातामा)